Nepal Adhyayan Journal
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL]
ISSN: 2795-1723 (Print), Peer-Reviewed Research Journal
Published by Center for Nepal and Asia Studies
Tribhuvan University, Kathmandu, Nepal
Email : info@cnastu.org.np; Website : www.cnastu.org.np


Research Article

# Eastern philosophy, methods and practices

## पूर्वीय शोधदर्शन, विधि र प्रयोग

नारायणप्रसाद गड्तौला/Narayan Prasad Gadtaula,
Tribhuwan University, Kathmandu, Nepal

**Article History**: **Received: 8 Dec. 2024, Reviewed: 10 Jan. 2025, Accepted: 7 Feb. 2025**
**Corresponding Author**: Narayan Prasad Gadtaula, Email:ngadtaula26@gmail.com

### लेखसार

*प्रस्तुत लेख पूर्वीय परम्परामा रहेको शोधअनुसन्धानसम्बन्धी दर्शन, विधि र साङ्गठनिक ढाँचासँग सम्बद्ध छ। संस्कृत वाङ्मयमा करिब छ हजार वर्षदेखि हुँदै आएका विश्वब्रह्माण्ड, पशुपक्षी लगायत प्रकृति र मानवको इतिहास र स्वयं ज्ञान ज्ञाननिर्माणको प्रक्रियाका बारेमा भएका खोजअनुसन्धानको निरूपण यस लेखको उद्देश्य हो । संस्कृतपरम्पराका प्राचीन वाङ्मय भनेका संहिता, त्यसपछिका ब्राह्मण, आरण्यक, उपनिषद् जस्ता वैदिक वाङ्मय तथा त्यसपछिका शोध अनुसन्धानमा आधारित कृतिमा उपयोग भएको सृष्टिका सम्बन्धमा जिज्ञासा, मूलतत्त्वको खोजी, मूल तत्त्वका विभिन्न विकारतत्त्वको व्याख्या, अविकारी मूल ब्रह्मतत्त्वको निरूपण र त्यसको दार्शनिक आधार र त्यसलाई भाषिक ढाँचामा अभिव्यक्त गर्ने पद्धतिको निरूपण गरिएको छ । शोधदर्शनका दृष्टिले पूर्वीय परम्परामा ज्ञानलाई प्रमाणको विषय मानिएको छ र प्रमाणद्वारा सिद्ध ज्ञानलाई प्रमाको संज्ञा दिइएको छ। यसमा प्रमाता अर्थात् ज्ञानको खोजी गर्ने व्यक्ति आप्त, आर्ष वा आधिकारिक हुनुपर्ने र उसको विषय अर्थात् प्रमेयबिच योग्य सम्बन्ध साथै त्यस ज्ञानको व्यावहारिक प्रयोजन सिद्ध हुनुपर्ने ज्ञानमीमांसीय निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ। तत्त्वमीमांसाका दृष्टिले अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, परमाणुवाद, प्रकृतिपुरुषवादजस्ता तत्त्वमीमांसीय दृष्टिकोणहरूको यहाँ निरूपण गरिएको छ । सत्ताका दृष्टिले वस्तुसत्ता आध्यासिक, व्यावहारिक र पारमार्थिक तीन किसिमको हुने वेदान्तीय धारणा रहेको छ । अनुसन्धानको मूल्यमीमांसा वा नैतिक दृष्टिले हेर्दा शोधकर्ता, विषय, तिनको गहिरो सम्बन्ध र उचित प्रयोजन नै शोधको मूल्य वा नीति हो। अनुसन्धानमा प्रमाता, प्रमेय, प्रमाण र प्रमा यी चार तत्त्व नै मुख्य विषय भएको र यिनको सुसंयोजनबाट प्राप्त निष्कर्ष नै शोध भएको पूर्वीय मान्यता यहाँ व्यक्त भएको छ। संस्कृत वाङ्मयका अनुसन्धानको प्रस्तुति, सङ्गठन आदिको अनुशीलन गरेर आगमनात्मक विधिद्वारा पूर्वीय शोधअनुसन्धानको दर्शन, विधि र साङ्गठनिक ढाँचाको निष्कर्ष निकालिएको छ।*

**शब्दकुञ्जी**

ज्ञानमीमांसा, तत्त्वमीमांसा, नीतिमीमांसा, प्रमा, प्रमाण, प्रमाता, प्रमेय ।

## १. विषयपरिचय

प्रस्तुत अध्ययन पूर्वीय वाङ्मयमा शोधअनुसन्धानको परम्परामा शोधदर्शन, विधि र त्यसको प्रयोग विषयमा केन्द्रित रहेको छ । पूर्वीय शब्दले व्यापक अर्थ प्रदान गर्नेभएकाले यहाँ मूलतः संस्कृत वाङ्मयमा विकास भएको शोधपरम्परालाई लिइएको छ । वर्तमान समयमा शोध शब्द निश्चित ढाँचामा लेखिने नियन्त्रित लेखन वा प्रयोगलाई बुझिनेगरेको पाइन्छ तर प्राचीन समयदेखि बिसौं शताब्दीसम्म नै भएका शोधअनुसन्धानमा विभिन्न रूप देखिन्छन् । पूर्वीय वाङ्मय परम्परामा प्राचीन कालदेखि नै भएका शोधकार्यमा पनि अनेक रूप पाइन्छन् तर यस्ता कार्यका लागि शोध वा त्यस्तो कुनै विशिष्ट शब्द प्रयोग भएको देखिँदैन किनभने ज्ञानका हरेक विधामा अनुसन्धान हुनेभएकाले प्रत्येक विधामा नै शोधअनुसन्धानलाई त्यही शास्त्रको अभिन्न अङ्गका रूपमा स्विकारेको देखिन्छ र व्याकरणशास्त्र, काव्यशास्त्र, ज्योतिषशास्त्र, वैमानिक शास्त्र, आयुर्वेदशास्त्रजस्ता शब्दले नै तत्तत् विषयका शोध-अनुसन्धानलाई बुझिनेगरेको पाइन्छ । त्यसैले संस्कृत अनुसन्धान परम्परामा शोध वा अनुसन्धान भनेर विशिष्ट पारिभाषिक शब्द र त्यसले सङ्केत गर्ने ढाँचाबद्ध लेखनलाई बुझाएको देखिँदैन । जेजति शोधकार्य भएका छन्, ती प्रायः सबै नै अनौपचारिक प्रकृतिका देखिन्छन् । वर्तमान समयमा जस्तो कुनै विश्वविद्यालयमा वा संस्थानहरूमा पेस गर्नका निम्ति वा कुनै उपाधि प्राप्त गर्नका लागि यी शोध गरिएका होइनन् । गुरुकुल वा तत्कालीन विश्वविद्यालयमा शास्त्रको विमर्श वा शास्त्रार्थका क्रममा नै शोधकार्य भएका देखिन्छन् । शास्त्रको अर्थ अनुशासन सिकाउने वाङ्मय भएकाले यस शब्दले शोध-अनुसन्धानगत लेखनको अनुशासन पनि देखाउँछ । पूर्वीय परम्परा भन्नेबित्तिकै करिब छहजार वर्ष पुरानो समयमा पुग्नुपर्ने र विक्रमसंवत् सत्रौँअठारौँ शताब्दीअघि नै करिब उचाइ पाइसकेको लामो समयावधि देखिन्छ । पाँच सहस्राब्दीको लामो इतिहास बोकेको यस परम्परामा केकस्ता शोधमूलक ग्रन्थ लेखिएका छन्, तिनका मुख्य विषय केकस्ता छन्, तिनको उद्देश्य के छ, शोधको प्रयोग र उपयोग कसरी भएका छन् आदि विषयमा विमर्श गर्ने उद्देश्यका साथ यो आलेख तयार गरिएको छ ।

पूर्वीय ज्ञानपरम्परामा सिद्धान्त र प्रयोग अविभाज्यरूपमा रहेका देखिन्छन् । जेजति सिद्धान्त निर्माण भएका छन् ती व्यवहारको अनुगमन गरेर प्रत्यक्ष र अनुभवमा आधारित छन् । परम्परागत ज्ञानको विकाससँगै अनुमान र आप्तवाक्य वा शब्दप्रमाणको महत्त्व पनि स्वीकार्य देखिन्छ । मूलतः ज्ञानका लागि प्रत्यक्ष

प्रमाणलाई नै आधार मानिएको छ । प्रमाताको इन्द्रियप्रत्यक्ष र बौद्धिक एवं मानसिक अनुभवजन्य प्रत्यक्ष दुवैलाई स्विकार्दै भौतिक एवं पराभौतिक सत्यको अन्वेषणमा पूर्वीय दर्शन गहिरिएको देखिन्छ । भौतिक तथ्यलाई इन्द्रिय प्रत्यक्ष प्रमाणद्वारा सिद्ध मानिन्छ भने पराभौतिक तथ्यलाई मानस प्रत्यक्ष, बौद्धिक प्रत्यक्ष, अनुभव, अनुमान, आप्तजस्ता प्रमाणद्वारा सिद्ध गरिन्छ । प्रमाणद्वारा सिद्ध ज्ञान नै प्रमा मानिन्छ र शोधको मुख्य प्रयोजन त्यही प्रमाणसिद्ध ज्ञानको निर्माण हो भने ज्ञानको प्रयोजन व्यक्ति एवं समाजको मुक्ति हो । मनुष्यको बन्धनको कारण अज्ञान वा अविद्या हो र आफ्नै बन्धनको पासोरूप अज्ञानलाई काट्ने साधन एकमात्र ज्ञान हो भन्ने तथ्यलाई ज्ञानका अन्वेषक ऋषिहरूले स्थापित गर्दै ज्ञानप्रधान समाजको परिकल्पना गरेको देखिन्छ । ज्ञाननिर्माणमा प्रमाण, प्रमेय, प्रमाता र प्रमाको सुसंयोजन हुनुपर्ने कुरामा पूर्वीय दार्शनिकहरू एकमत छन् । पूर्वीय परम्परामा ज्ञानको आधार भौतिक जगत् र मानसिक जगत् दुवैलाई मानेर सूक्ष्मतत्त्वको अवलोकनद्वारा ज्ञानको निरूपण गरिएको छ । ज्ञानको आधार तत्त्व भएकाले तत्त्वको उत्पत्ति र स्वरूपका बारेमा विमर्श गर्दै पूर्वीय मनीषीहरू मूलतत्त्वको खोजीमा लागेको देखिन्छ । यस क्रममां ब्रह्म अद्वैतवाददेखि भूतवाद एवं प्रकृतिपुरुषको द्वैतवाद, परमाणुवादी बहुलवाद, सापेक्षतावादी बहुलवाद, शून्यवाद, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, ब्रह्मविशिष्ट नित्य द्वैतजस्ता अनेकौं तत्त्वचिन्तन भएका छन् । यिनै तत्त्वचिन्तन र ज्ञाननिर्माणको परम्परामा शोधअनुसन्धानको दर्शन, विधि, प्रक्रिया आदिको निर्क्योल गरी संस्कृत वाङ्मयको अनुशीलनबाट आगमनविधिद्वारा शोधविधिको अन्वेषण गर्ने कार्य यस लेखको मुख्य प्रयोजन रहेको छ ।

पूर्वीय वाङ्मय शोधअनुसन्धानमूलक छन् तथापि यिनको शोधदर्शन, विधि, र प्रयोगको स्वरूप के हो भन्ने विषयमा भने त्यति विमर्श भएको पाइँदैन । यसमा वाङ्मयको बहुलता, विधि, दर्शन र प्रयोगको विविधता भए पनि शोधअनुसन्धानको विशिष्ट विधागत स्वरूपको अध्ययनको अभाव रहेको देखिन्छ । त्यसैले प्राचीन संस्कृत परम्परामा केकस्तो शोधपद्धति रहेको छ र वर्तमान शोधपरम्परामा त्यसको सान्दर्भिकता कति महत्त्वपूर्ण रहेको छ भन्ने मुख्य समस्या नै यस शोधको मूल जिज्ञासा हो । यसका निम्ति संस्कृत वाङ्मयमा शोधको दार्शनिक आधार केकस्तो रहेको छ र नवीन ज्ञाननिर्माणका निम्ति पद्धतिलाई कसरी उपयोग गरिएको छ भन्नेजस्ता अनुसन्धानप्रश्न निर्माण गरिएका छन् र यिनै प्रश्नको प्राज्ञिक समाधान नै यस लेखको उद्देश्य हो ।

२. अनुसन्धानविधि

संस्कृत परम्परामा शोधको ढाँचाका बारेमा त्यति अध्ययन भएको देखिँदैन । वर्तमान समयमा संस्कृत विश्वविद्यालय र संस्कृत विभागहरूमा पश्चिमी परम्पराका एपिए र एमएलए पद्धति अनुसरण गरी शोध गराउने परिपाटी देखिन्छ । नेपाली शोधविधिका कृतिहरूमा संस्कृत वाङ्मयमा भएका शोधसम्बन्धी केही पक्षलाई प्रकाश पारिएको छ । वासुदेव त्रिपाठीले (२०६६, पृ. ७०) ले शोधको शब्दार्थ विवेचनका सन्दर्भमा गवेषण शब्दको विश्लेषण गर्दै यो गहिरो अनुसन्धानसँग सम्बद्ध रहेको बताएका छन् तर उनले पूर्वीय शोधको विषय उठाएका छैनन् । मोहन वैद्य किरणले (२०७६, पृ. १३) दर्शनको प्रयोजन र विधिका सन्दर्भमा न्याय र वेदान्तदर्शन उल्लेख्य रहेको बताएका छन् भने दयाराम श्रेष्ठले (२०७७, पृ. ३६) पौरस्त्य परम्परामा शोधसम्बन्धी सिद्धान्त पर्याप्त रहेको बताएका छन् । उनले न्यायका मान्यतालाई प्रस्तुत गर्दै न्यायदर्शनका प्रमाण र पञ्चअवयवको सिद्धान्त आधुनिक शोधसँग मिल्ने धारणा राखेका छन् । यस्ता केही पूर्वाध्ययनले संस्कृत वाङ्मयमा शोधसम्बद्ध धारणा रहेको बताए पनि संस्कृत वाङ्मयका शोधपरक कृतिको अनुगमन गरेर तिनका साक्ष्यका आधारमा केकस्तो शोधदर्शन, विधि र प्रक्रिया रहेका छन् भन्ने अनुसन्धान भएको देखिँदैन । अतः उक्त रिक्तता परिपूर्ति गर्ने उद्देश्यले यो आलेख तयार गरिएको छ ।

प्रस्तुत अनुसन्धान कार्य मूलतः आगमनात्मक विधिमा आधारित छ। संस्कृतका वाङ्मयको अनुशीलन गरेर तिनमा पाइने शोधदर्शन, शोधविधि र संस्कृत-शोधविधिको वर्तमानमा सान्दर्भिकताजस्ता विषयको अनुसन्धान गरी निष्कर्षमा पुग्नका निम्ति यादृच्छिक नमुना छनोट विधिद्वारा छनोट गरिएका दश कृतिलाई आधार मानिएको छ। छनोट गरिएका कृतिहरूमा *ऋग्वेद, यजुर्वेद, केनोपनिषद्, श्रीमद्भगवद्गीता, श्रीमद्भागवतमहापुराण, व्याकरण महाभाष्य, शाङ्करभाष्य, श्रीभाष्य, ध्वन्यालोक, यतीन्द्रमतदीपिका*जस्ता संस्कृत वाङ्मयका ग्रन्थ रहेका छन् र पुस्तकालयबाट सङ्कलन गरिएका यी ग्रन्थलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ र यिनमा पाइने शोधढाँचाका आधारमा शोधसिद्धान्त निर्माण गरिएको छ। सिद्धान्तलाई सामान्यीकरण गर्नका निम्ति शोधसँग सम्बद्ध पूर्वाध्ययन र सहायक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । विश्लेषणका निम्ति यादृच्छिक नमुना छनोट गरिएको र तिनलाई नै साधारणीकरण गरेरे निष्कर्ष निकालिएको छ ।

## ३. परिणाम र विमर्श : संस्कृत वाङ्मयमा शोधको दर्शनिक आधार

संस्कृत वाङ्मय शोधअनुसन्धानका भण्डार हुन् र ती निश्चित शोधदर्शनमा आधारित छन् । शोधकार्य कुनै पनि दर्शनविना सम्भव छैन । शोधको मूलभूत पक्ष भनेको ज्ञानको निर्माण नै हो र यो ज्ञानको स्थापना कार्यकारण र व्यावहारिक सत्यमा आधारित हुनेभएकाले त्यो स्वीकार्य हुन्छ । शोधदर्शनमा ज्ञानमीमांसा, तत्त्वमीमांसा, नीति वा मूल्यमीमांसा र शोधप्रक्रियालाई आधार मानेर यहाँ पूर्वीय शोधदर्शनको विश्लेषण गरिएको छ ।

### ३.१ ज्ञानमीमांसा

ज्ञान के हो भन्ने विमर्श नै ज्ञानमीमांसा हो र ज्ञान शब्द ज्ञा अवबोधने धातुबाट बनेको हो र यसको अर्थ उत्तम किसिमको बोध भन्ने बुझिन्छ । चेतन वस्तुमात्रले आफू र आफ्नो वरिपरिको जगत्का बारेमा गर्ने बोधलाई सामान्य ज्ञान मानिन्छ तर यस सन्दर्भमा प्रमाणले सिद्ध गरेको प्रमा ज्ञानलाई लिइएको हो । प्रमा ज्ञानको स्वरूप के हो, यो कसरी प्राप्त हुन्छ र केके कुराको ज्ञान सम्भव छ भन्ने विषयमा हुने विमर्श नै ज्ञानमीमांसाका रूपमा जानिन्छ । विभिन्न दर्शनले तत्त्वको साक्षात्कार नै ज्ञानका रूपमा लिएका छन् । न्याय र वैशेषिकदर्शनले पदार्थको यथार्थबोध नै ज्ञान मानेको देखिन्छ । साङ्ख्यदर्शनले प्रकृति र पुरुषको यथार्थ ज्ञानलाई तत्त्वको ज्ञान मानेको छ र ज्ञानान्मुक्तिः (३,२३) भनेर ज्ञानबाट नै मुक्ति प्राप्त हुने धारणा राखेको छ । वेदान्तदर्शन आत्मतत्त्वको साक्षात्कार नै ज्ञान हो भन्ने मान्दछ । वेदान्तका दृष्टिमा ज्ञान, ज्ञाता र ज्ञेयको अभेद अवस्था नै आत्मज्ञान वा ब्रह्मज्ञानको अद्वैत अवस्था हो । उपनिषद्मा भनिएको छ आत्मा वा अरे द्रष्टव्यः, श्रोतव्यो मन्तव्यो निदिध्यासितव्य (बृहदारण्यकोपनिषद्निषद् २,४,५) पूर्वीय दर्शपरम्परामा ज्ञानका स्रोत अनेक मानिएका छन् । न्याय, वैशेषिक, वेदान्तजस्ता दर्शनले ज्ञानका स्रोत प्रत्यक्ष, अनुमान, उपमान र शब्द चार प्रमाण मानेको पाइन्छ । मीमांसादर्शनले अर्थापत्ति र अनुपलब्धि गरी छ प्रमाण मानेको छ । बौद्धदर्शनमा प्रत्यक्ष र अनुमान दुई प्रमाण स्विकारेको छ । जैनदर्शनमा पनि प्रत्यक्ष र परोक्ष दुई किसिमको प्रमाण मानिएको छ (*षड्दर्शनसमुच्चय,* ५५) । जैनदर्शनका अनुसार ज्ञान सापेक्ष्य हुने र वस्तुको समग्र ज्ञान हुन नसक्ने धारणा पनि पाइन्छ र यसलााई स्याद्वादको सिद्धान्तका रूपमा चिनिन्छ । यसबाट वस्तुसत्यको वहुआयामलाई जैनदर्शनले स्विकारेको देखिन्छ । चार्वाकदर्शनले प्रत्यक्षलाई एकमात्र प्रमाण मानेको छ र उपयोगितावादी प्रत्यक्षलाई सत्य स्विकारेको पाइन्छ ।

### ३.१.१ प्रत्यक्ष प्रमाण

इन्द्रिय प्रत्यक्षद्वारा हुने निश्चयात्मक ज्ञान नै प्रत्यक्ष प्रमाण हो । इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम् (न्यायदर्शन, १, १, ८) अर्थात् इन्द्रियले निर्बाधरूपमा प्राप्त गर्ने निश्चयात्मक ज्ञान नै प्रत्यक्ष प्रमाण हो । बौद्धदर्शनअनुसार कल्पनारहित एवं अभ्रान्त ज्ञान नै प्रत्यक्ष प्रमाण हो (*षड्दर्शनसमुच्चय,* १०) । यो प्रमाको असाधारण कारण हो भने प्रमा भनेको चाहिँ यथार्थ ज्ञान हो । प्रत्यक्ष ज्ञान इन्द्रियको पदार्थसँग संयोग हुँदा उत्पन्न हुनेभएकाले यो अभ्रान्त एवं व्यवसायात्मक वा निश्चयात्मक हुने मानिन्छ । यसप्रकारको ज्ञानका निम्ति अन्य ज्ञानको आवश्यकता पर्दैन । इन्द्रिय भन्नाले त्वक्, चक्षु, श्रोत्र, रसना र घ्राण पाँच ज्ञानेन्द्रिय मानिन्छन् र यी प्रत्येकको ज्ञानका क्षेत्र भिन्न छन् । यी सबैलाई मन र बुद्धिले नियन्त्रण गरेको हुन्छ त्यसैले यी आन्तरिक इन्द्रिय मानिन्छन् । मन सङ्कल्प र विकल्प गर्ने इन्द्रिय हो भने बुद्धिचाहिँ निश्चय गर्ने इन्द्रिय हो (शङ्कराचार्य, २०६८, पृ. ३८) । प्रत्यक्ष ज्ञानलाई केवल ज्ञानेन्द्रियद्वारा प्राप्त गरिने लौकिक यथार्थमात्र मानिदैन, यो मन र बुद्धिमा अवस्थित अन्तर्ज्ञान पनि हो । कुनै पनि अनुसन्धानका निम्ति ज्ञानेन्द्रियद्वारा प्राप्त तथ्य प्राथमिक सामग्री मानिन्छ तर यो सबै विषयमा लागु हुँदैन । अधिकांश शोधका निष्कर्ष बौद्धिक प्रत्यक्षका विषय हुन्छन् । करिब इसापूर्व दोस्रो शताब्दीतिरका मानिने भरतले साहित्यमा पाइने रससौन्दर्यको निरूपण गर्ने सन्दर्भमा रस भावसत्य भएको बताएका छन् । उनका अनुसार "यथा हि नानाव्यञ्जनौषधिद्रव्यसंयोगाद्रसनिष्पत्ति तथा नानाभावोपगमाद्रसनिष्पत्तिः । यथा हि गुडादिभिर्द्रव्यैर्व्यञ्जनैरोषधिभिश्च षाड्वादयो रसा निर्वर्त्यन्ते तथा नानाभावोपगता अपि स्थायिनो भावा रसत्वमाप्नुवन्ति ।" (भरत, सन् १९८९, पृ. २५१) (अर्थात् जसरी विभिन्न व्यञ्जन, औषधिजस्ता द्रव्य मिलाएर रस निकालिन्छ, त्यसरी विभिन्न भाव मिलाएर पनि रस निष्पन्न हुन्छ, जसरी चिनी, मसला आदि द्रव्य मिलाएर पेय पदार्थ बनाइन्छ, त्यसरी नै विभिन्न भावले युक्त स्थायीभाव रसका रूपमा प्राप्त हुन्छन् ।) भरतको यस कथनमा नाना व्यञ्जनको स्वादलाई जिब्राले प्रत्यक्ष अनुभव गर्दछ र त्यो गुलियो, अमिलो, चिसो, अनेक गुणको रस इन्द्रिय प्रत्यक्षात्मक हो । यसभन्दा भिन्न काव्यात्मक रस पनि प्रत्यक्ष सत्य हो तर यो इन्द्रियप्रत्यक्ष नभएर मानस्प्रत्यक्षको विषय हो । यसलाई पश्चवर्ती काव्यशास्त्रीहरू वा समालोकहरूले अलौकिक प्रत्यक्षका रूपमा लिएका छन् ।

### ३.१.२ अनुमान प्रमाण

प्रत्यक्ष ज्ञानको आधारमा हुने अप्रत्यक्ष ज्ञानलाई अनुमान प्रमाण मानिन्छ। यो सम्भावनात्मक र कार्यकारणात्मक ज्ञान हो। आकाशमा बादल देखेर भविष्यमा पानी पर्ने सम्भावनात्मक ज्ञान, नदीमा बाढी देखेर पहाडमा पानी परेको अनुमान, पहाडमा धुवाँ देखेर अगाको अनुमानजस्ता संज्ञानलाई पूर्वीय परम्परामा अनुमान प्रमाणसिद्ध ज्ञान मानिन्छ। मानवको मस्तिष्कमा अनुमानद्वारा पनि ज्ञान गर्ने सामर्थ्य रहेको हुन्छ। इन्द्रियप्रत्यक्ष ज्ञान वर्तमान कालमा इन्द्रिय र पदार्थको निकटतामा घटित हुने ज्ञान हो भने अनुमानचाहिँ स्थान र कालको सीमाभन्दा पर हुन्छ। अनुमानद्वारा तथ्य सिद्ध गर्नका लागि पाँचप्रकारका युक्ति वा अवयव रहेका हुन्छन्। प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन यी पाँच अवयवले अनुमान प्रमाणलाई बाँधेका हुन्छन् नत्र अनुमान ज्ञान काल्पनिक र निराधार हुन जान्छ।

(क) **प्रतिज्ञा** : यो अनुमानजन्य ज्ञानलाई उपस्थापन गर्ने युक्ति हो। शोधका सन्दर्भमा यो शोधार्थीको प्राक्कल्पनात्मक दाबी हो। यसप्रकारको प्रतिज्ञा व्यवहार र शास्त्रभन्दा विपरीत हुनुहुँदैन। हरेक शोधार्थीले अन्वेषणीय ज्ञानको दाबी गर्दछ र त्यो दाबी नै प्रतिज्ञा हो।

(ख) **हेतु** : ज्ञानलाई सिद्ध गर्नका निम्ति दिइने पर्याप्त कारण नै हेतु हो। प्रतिज्ञा गर्दैमा ज्ञानको सिद्धि हुँदैन। हेतु तर्क हो र तर्कले नै शोधार्थीलाई ज्ञाननिर्माणको मार्ग निर्देश गर्दछ।

(ग) **उदाहरण** : प्रतिज्ञा र हेतुलाई सिद्ध गर्न उदाहरणको आवश्यकता पर्दछ। उदाहरणले कार्यकारणबिच नियत सम्बन्ध रहेको प्रमाणित गर्दछ। यो तर्कलाई पुष्टि गर्ने आधार हो। शोधको प्रकृतिअनुसार उदाहरण परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका हुन सक्छन्।

(घ) **उपनय** : प्रतिज्ञा, हेतु र उदाहरणलाई एकै साथ देखाएर कार्यकारणको सहसम्बन्धको पुष्टि गर्नु उपनय हो र यो करिब ज्ञानका स्थापनाको निकट अवस्था हो। यसले शोधकर्तालाई समाधानको नजिक पुर्‍याएर आफ्नो दाबीको पुष्टि गराउने काम गर्दछ।

(ङ) **निगमन** : यो ज्ञानको प्रमाणित अवस्था हो र निष्कर्ष हो। यसमा पाँचवटै अवयव एकै ठाउँमा देखाइन्छन्। यो ज्ञानको सिद्ध अवस्था हो। दयाराम श्रेष्ठले यी पाँच अवयवलाई वर्तमान शोधढाँचासँग मिल्ने बताएका छन् श्रेष्ठ, (२०७७, पृ. ३६)। यो अप्रत्यक्ष प्रमाणद्वारा ज्ञानप्राप्तिको तर्कप्रधान युक्ति हो।

### ३.१.३ उपमान प्रमाण

सादृश्यमा आधारित ज्ञान नै उपमान हो यो पनि अप्रत्यक्ष ज्ञान हो । एउटा वस्तुको ज्ञान भएपछि त्यसको सादृश्यमा हुने अनेकौँ ज्ञान उपमानजन्य ज्ञान मानिन्छन् । एउटा वस्तुको स्वभाव, गुण, रूप आदिका आधारमा अन्य वस्तुको पहिचान ज्ञान हुन्छ भन्ने व्यवहारबाट सिद्ध विषयलाई उपमान प्रमाण मानिन्छ । यो मानवीय संज्ञानको वृत्ति हो र जो सादृशजन्य ज्ञान मानिन्छ । यसबाट आनुवंशिक ज्ञान, वस्तुको रूपगत एवं गुणगत वर्गीकरण गर्न सहयोग पुगेको देखिन्छ । उपमानबाट नै तुलनात्मक ज्ञानको पनि विकास भएको हो ।

### ३.१.४ शब्दप्रमाण

भाषा आफैँमा एउटा प्रमाण हो र भाषाले परम्परागत रूपमा अनेकौ अनुभवलाई पुस्तान्तर गर्दै ज्ञानको सञ्चार गर्नेहुनाले भाषालाई नै शब्द भनिएको हो । अनुसन्धान र शोधका सन्दर्भमा शब्द प्रमाणले विशिष्ट अर्थ वहन गरेको छ र यस सन्दर्भमा शब्द भन्नाले शास्त्रका वचन र आप्तवाक्यलाई लिइन्छ ।  ऋषिमुनि, कवि, महान् अनुभवी व्यक्तिहरू, सामूहिक लोककथन आदिलाई महान् वाणीका रूपमा लिइन्छ र तिनलाई ज्ञानका निम्ति प्रमाण मानिन्छ । महान् व्यक्ति भनेका ती हुन् जसले सत्यलाई साक्षात्कार गरेका हुन्छन् । पूर्वीय परम्परामा श्रुति र स्मृतिलाई शब्दप्रमाणका रूपमा लिइन्छ भने व्यास, वाल्मीकि, विश्वामित्र, वशिष्ठ चरक, गार्गी आदिलाई आप्तपुरुष मानिन्छ । हरेक वस्तु अभिव्यक्तिको माध्यमबाट मात्र बोधगम्य हुनेभएकाले वस्तुसत्य पनि भाषाका माध्यमबाट सम्प्रेषण हुन जान्छ । त्यसैले ठिकठिक शब्दलाई ठिकठिक स्थानमा उपयोग गर्नु नै शब्दप्रमाण मानिन्छ । पदार्थ ज्ञानका लागि सही पदको ज्ञान आवश्यक भएकाले शब्दप्रमाण स्विकारिएको हो । शोधका सन्दर्भमा शब्दप्रमाणलाई अनुसन्धाताका तर्क, युक्ति, निष्कर्षजस्ता कुरालाई मानिन्छ । प्लेटो, एरिस्टोटल, डेकार्ट ग्यालिलियो, न्युटन, अगस्ट कोम्ते, रविन, मार्सल, शङ्कर, रामानुज, निम्बार्क आदिका वचनलाई शब्दप्रमाण मानिन्छ ।

### ३.१.५ अनुपलब्धि प्रमाण

अभावको ज्ञान गर्ने प्रमाणलाई अनुलाब्धी प्रमाण मानिन्छ । वस्तुको अभावको बोधले त्यसको अस्तित्वको अभावलाई बुझाउँदैन बरु अनुपस्थितिलाई मात्र बुझाउँछ । यसका निम्ति प्रत्यक्ष, अनुमान आदि प्रमाणले अभावरूप वस्तुको ज्ञान

नगराउनेहुँदा अनुपलब्धि प्रमाण मान्नुपर्ने मीमांसक कुमारिलको मान्यता रहेको छ। अन्यले यसलाई प्रत्यक्षमा नै अन्तर्भूत गरेका छन् ।

### ३.१.६ अर्थापत्ति प्रमाण

कुनै ज्ञानका निम्ति गरिने प्राक्कल्पनात्मक ज्ञानलाई अर्थापत्ति भनिन्छ । एउटा अर्थबोधका निम्ति अर्को अर्थको परिकल्पना गर्नु नै अर्थापत्तिजन्य ज्ञान हो । कतिपय विरोधाभासी विषयमा पनि अर्थापत्तिले नयाँ ज्ञान निर्माण गर्दछ भन्ने मीमांसादर्शनको मान्यता छ ।

प्रमाणलाई आधार मानेर पूर्वीय दर्शनका सबै शाखाहरूले आआफ्ना तत्त्वसम्बन्धी निष्कर्ष निकालेका छन् । अद्वैतवादी शङ्करका अनुसार जीव, ईश्वर र ब्रह्म एउटै तत्त्व हो त्यसैले अद्वैत नै परमसत्य हो । विशिष्टाद्वैतवादी रामानुजका अनुसार ब्रह्म र ईश्वर एउटै तत्त्व हो र त्यो शेषी तत्त्व हो भने जीव र जगत् शेषतत्त्व हुन् त्यसैले ब्रह्म विशुद्ध अद्वैततत्त्व नभएर विशिष्ट अद्वैततत्त्व हो । द्वैताद्वैतवादी निम्बार्कका अनुसार व्यावहारिक दृष्टिले अथवा कार्यावस्थामा ब्रह्म द्वैत छ भने प्रलयावस्थामा ब्रह्म अद्वैत छ त्यसैले द्वैताद्वैत ब्रह्म नै सत्य हो । विशुद्धाद्वैतवादी बल्लभका अनुसार मायारहित एकमात्र शुद्ध ब्रह्म अद्वैततत्त्व हो । द्वैतवादी मध्वका अनुसार ब्रह्म, जीव र जडमा नित्य भेद रहेको छ । जीवहरूमा पनि नित्य भेद छ भने जडहरूमा पनि नित्य भेद छ । जगत् बहुलताले युक्त छ त्यसैले द्वैत नै सत्य छ । यी सबै ज्ञानमीमांसाका निष्कर्ष हुन् । सबै अद्वैतवादी भएर पनि प्रमाताको स्थितिका आधारमा यी भिन्नभिन्न मान्यता स्थापित भएका छन् । शोधका सन्दर्भमा सबै प्रमाणले प्रमेलाई सिद्ध गर्नेहुनाले प्रमेयको स्वरूपका आधारमा प्रमाण आकर्षित हुने देखिन्छ । इन्द्रियले बोध गरेका तितो, पिरो, रातो, पहेँलो, कठोर, कोमल आदि स्वयंसिद्ध तथ्य हुन् र यिनका लागि इन्द्रियबाहेक अन्य कुनै प्रमाण चाहिँदैन तर तिनलाई के कारणले रातो वा पहेँलो, किन कठोर वा कोमल भनेर कार्यकारणद्वारा सिद्ध गर्नुपर्ने भयो सामान्य इन्द्रियजन्य ज्ञानले सिद्ध गर्न सक्तैन । यसका निम्ति बुद्धिद्वारा कार्यकारणात्मक सम्बन्ध आवश्यक पर्दछ । यसका निम्ति नै प्रमाता, प्रमेय र प्रमाणविचको गहिरो सम्बन्धको आवश्यकता पर्ने पूर्वीय शोधदर्शनको मान्यता हो । प्रमाणबिना कुनै पनि यथार्थ ज्ञान सम्भव छैन भन्ने पूर्वीय दर्शनको मान्यता देखिन्छ ।

## ३.२ तत्त्वमीमांसा

तत्त्वमीमांसा दर्शनको महत्त्वपूर्ण विषय हो । यसमा उत्पत्ति र स्वरूपका बारेमा विमर्श भएको पाइन्छ । उत्पत्तिका सम्बन्धमा सृष्टि, स्थिति र संहार एवं तिनको कारणका विषयमा विचार गरिन्छ भने तत्त्वका विषयमा मूल तत्त्व के हो, तत्त्वको स्वरूप के हो, तत्त्व कति प्रकारका हुन्छन् तत्त्वको पहिचान कसरी गर्न सकिन्छ भन्नेजस्ता विषय पर्दछन् । पूर्वीय परम्परामा सृष्टिका बारेमा वैदिक वाङ्‌यदेखि नै विमर्श भएको देखिन्छ र ब्रह्माण्डको सृष्टिमा परमचैतन्य तत्त्वको कर्तृत्व भूमिका छ वा भौतिक परमाणु वा मूल उपादान प्रकृतिको भूमिका छ भन्ने विषयले प्रमुखता पाएको छ । यसलाई पनि यहाँ शोध विषयसँग सम्बद्ध गरेर विमर्श गरिएको छ । तत्त्वको विमर्शका सन्दर्भमा पूर्वीय परम्परामा भौतिक र अभौतिक दुवै तत्त्व स्विकारिएका छन् । चार्वाक् दर्शनले चार भौतिक तत्त्व पृथिवी, जल, तेज र वायु मात्र स्विकारेको छ । यसमा आकाश र आत्मालाई स्विकारिएको छैन । अन्य सबै दर्शनले दुवै तत्त्वलाई मानेको देखिन्छ । साङ्ख्यदर्शनले प्रकृति र पुरुष मूलतत्त्व मानेको छ र प्रकृतिलाई मूल अविकृत प्रकृति, विकृत प्रकृति र विकृतअविकृत उभय किसिमको प्रकृति गरी तीन किसिको मानेको छ भने पुरुषचाहिँ न विकृत न अविकृत तत्त्व भएको स्विकारेको छ ।

मूलप्रकृतिरविकृर्तिमहदाद्याः प्रकृतिविकृतयः सप्त ।
षोडशकस्तु विकारो न प्रकृतिर्न विकृतिः पुरुषः ॥ - (*साङ्ख्यकारिका,* ३)

न्याय र वैशेषिक दर्शन परमाणुवादी अनेकत्ववादी दर्शन हुन् । परमाणु अनेक छन् र तिनबाट बन्ने पदार्थ पनि अनेक छन् भन्ने अनेकत्ववादी चिन्तनलाई यी दुवैले स्विकारेको पाइन्छ । वेदान्तदर्शन ब्रह्म र ब्रह्माण्डीय तत्त्वको विमर्श गर्दै अन्ततः सबै तत्त्व एउटै तत्त्वका भिन्नभिन्न अभिव्यक्ति भएको निष्कर्षमा पुगेको देखिन्छ । वेदान्तदर्शनका अनेक शाखा छन् र तिनमा श्रुति वाक्यहरूमा भएको ब्रह्मवादलाई लिएर नै अनेकौं मतविभेद भएका देखिन्छन् । सर्वं खल्विदं ब्रह्म अर्थात् यो सबै ब्रह्म हो । प्रज्ञानं ब्रह्म अर्थात् प्रज्ञान नै ब्रह्म हो । “अहमेवासमेवाग्रे नान्यद् यत् सदसद् परम्” अर्थात् आदिम अवस्थामा ममात्र थिएँ अरू कोही थिएन भन्नेजस्ता श्रुतिवाक्यहरूमा केन्द्रित भएर वेदान्तदर्शनमा तत्त्वविमर्शका अनेकौं मतहरू देखिएका हुन् । यसबाट शङ्कराचार्यको अद्वैतवेदान्त, रामानुजाचार्यको विशिष्टाद्वैत, निम्बार्काचार्यको द्वैताद्वैत, बल्लभाचार्यको शुद्धाद्वैत र मध्वाचार्यको द्वैतवेदान्तको

विकास भएको देखिन्छ । यसरी नै चैतन्यमहाप्रभुको अचिन्त्यभेदाभेद, काश्मिर शैवदर्शनमा देखिएका ईश्वराद्वयवाद, शिवाद्वैतवादजस्ता तत्त्वविवेचक सिद्धान्तको विकास भएका छन् ।

जैनदर्शनमा वस्तुवादी बहुत्ववादी सापेक्षतावादका आधारमा तत्त्वको निरूपण गरिएको छ जसअनुसार अनेक पदार्थ स्विकारिएको र तिनका धर्म वा गुण अनेक भएको मानिन्छ । जैनदर्शनमा सत्वस्तु नित्य (ध्रौव्य), उत्पत्ति (उत्पाद्) र विनाश (अनित्यता) जस्ता गुण रहने कुरा स्विकारिएको छ (शर्मा सन् २०१३, पृ. ३९) । तत्त्वमीमांसाको निष्कर्षका रूपमा निम्नलिखित मान्यता देखिन्छन् :

(१) **अद्वय आत्मवाद –** आत्मतत्त्व नै एकमात्र अन्तिम सत्य हो । यो परम चैतन्य तत्त्व हो र सम्पूर्ण जगत्को नियामक वा तटस्थ तत्त्व हो । विशुद्ध अद्वैत तत्त्ववादीका दृष्टिमा संसारमा दुईटा तत्त्व छैन र देखिने नानात्वचाहिँ मिथ्या हो वा शेष वा विशेषण हो । जसरी विशेषण र विशेष्य अविभाज्य हुन्छन् त्यस्तै जीव र जगत् आत्माका वा ब्रह्मका विशेषणमात्र हुन् । यसले चेतनसत्तालाई पारमार्थिक सत्ताका रूपमा व्याख्या गर्दछ र एकत्वको पक्षमा अभिमत राख्दछ ।

(२) **द्वैत आत्मवाद –** जीवतत्त्व, जडतत्त्व र ईश्वरतत्त्वको अस्तित्व मान्ने र चिन्तन द्वैत आत्मवाद हो । यसले प्रत्येक जीवबिच पनि भिन्नभिन्न हुने र जड पनि एकअर्कामा भिन्न हुने मान्यता राखेको छ । यसले पनि आत्मतत्त्वलाई महत्त्व दिएको छ ।

(३) **प्रकृतिपुरुषवाद –** प्रकृति र पुरुष दुवैलाई समान महत्त्व प्रदान गर्ने प्रकृतिपुरुषवादी दर्शन साङ्ख्य हो । सृष्टिका निम्ति यी दुवै तत्त्वको समान भूमिका रहेको स्विकार्ने साङ्ख्यले चेतन र जड दुवैलाई अनादि तत्त्व मान्दछ । सृष्टिमा दुवैको भूमिका भए पनि पुरुष तटस्थ तत्त्व भएको कुरा साङ्ख्यले स्विकारेको छ ।

(४) **भूतवादचैतन्यवाद –** भूतचतुष्टय अर्थात् पृथिवी, जल, तेज र वायु यी महाभूतहरूमात्र वास्तविक तत्त्व हुन् भनी यिनलाई नै मूलतत्त्व स्विकार्ने र चेतनतत्त्व यिनै भूतका परिणाम मान्ने भूतचैतन्यवादी दर्शन हो । यसलाई चार्वाक दर्शनले स्विकारेको छ ।

(५) **सापेक्षवादी बहुत्ववाद –** तत्त्वको अनन्तता र तिनका अर्थगत आयामको पनि अनन्ततालाई स्विकार्ने सपेक्षतावादी बहुत्ववादी दर्शन हो । यसले जड र चेतन दुवे तत्त्वलाई स्विकारेको छ ।

(६) **शून्यवाद** – बौद्ध दर्शनको माध्यमिक शाखामा शून्यतत्त्वलाई परमतत्त्व मानिएको छ । व्यावहारिक दृष्टिले कुनै पनि वस्तु स्वभावशून्य छ भने परमार्थमा जगत् प्रपञ्चशून्य छ भन्ने मानिन्छ (शर्मा, सन् २०१३, पृ. ७४) । यसरी तŒवका बारेमा पूवीय परम्परामा अनेक दृष्टि विकास भएका छन् ।

## ३.३ मूल्यमीमांसा

मूल्यमीमांसा शोधको प्राप्ति र प्रयोजनसँग सम्बन्धित भए पनि यसको सम्बन्ध शोधव्यापी हुनेगर्दछ । यसलाई पूर्वीय परम्परामा अनुबन्धचतुष्टयका रूपमा प्रस्तुत गरिएको छ । शोधकार्य सम्पन्न गर्नका निम्ति चार पक्षबिच अत्यन्त घनिष्ठ सम्बन्ध हुनु आवश्यक छ । ती चार पक्ष अधिकारी, विषय, सम्बन्ध र प्रयोजन हुन् ।

(क) **अधिकारी** – शोधकार्य गर्न अधिकारप्राप्त व्यक्ति नै अधिकारी हो र यहीँबाट मूल्यको सन्धान प्रारम्भ हुन्छ । अधिकारीको मुख्य लक्षण जिज्ञासुपन मानिन्छ । शोधमा सर्वप्रथम शोधकर्ताको नैतिक जिम्मेबारी आवश्यक छ र उसमा आग्रहरहित वस्तु विवेक हुन अनिवार्य छ । त्यस्तो अनुसन्धाता नै अधिकारी हो र त्यसअनुरूपको पाठक पनि अधिकारी मानिन्छ । मूल्यको पहिलो आश्रय स्वयं शोधकर्ता नै हो, त्यसैले शोधमा विश्वसनीयताको प्रारम्भ हुन्छ । शोध, अनुसन्धानका निम्ति सबै व्यक्ति सबै स्थानमा अधिकारी हुन सक्तैन र सबै शोध सबैका लागि बोध्य पनि हुन सक्तैन त्यसैले शोध निश्चित पाठकका लागि हुनेगर्दछ । अधिकारीको लक्षण गर्दै शङ्कराचार्यले (२०६७, पृ. ७) लेखेका छन् :

मेधावी पुरुषो विद्वानूहापोह विचक्षणः । अधिकार्यात्मविद्याया मुक्तलक्षण लक्षितः ॥

(अर्थात् तर्कवितर्क गर्न सक्ने मेधावी, कुशल एवं मुक्त स्वभाव भएको विद्वान् नै आत्मविद्याको अधिकारी हुन्छ ।) यद्यपि यो अध्यात्मविद्याका सन्दर्भमा भनिएको भए पनि सबै प्रकारका अनुसन्धाताका लागि यसप्रकारको अधिकारी पन आवश्यक छ ।

(ख) **विषय** – मूल्यसन्धानका निम्ति अर्को पक्ष विषय हो । सिद्ध गर्नु पर्ने कुरा नै विषय हो । जुन कुरा सिद्ध गर्नुपर्ने हो अन्यथा सिद्ध भयो भने शोधको मूल्य रहँदैन । साङ्ख्यदर्शनको विषय प्रकृति र पुरुषको अनादित्व सिद्ध गर्नु हो भने वेदान्तको विषय जीव, जगत् र ब्रह्मको ऐक्य सिद्ध गर्नु हो ।

(ग) **सम्बन्ध –** अधिकारी, विषय र प्रयोजनको सहभाव नै सम्बन्ध हो । यिनमा सहसम्बन्ध भएन भने पनि अनुसन्धानको मूल्य निष्फल हुन्छ ।

(घ) **प्रयोजन –** अनुसन्धानको प्रयोजन अज्ञानको अन्त्य र ज्ञानको प्राप्ति नै हो । ज्ञानको प्राप्तिबाट हुने अन्य लाभ सुख, आनन्द, मोक्ष, धनलाभ, मानलाभ लोककल्याण आदि स्वतः प्रयोजन मानिन्छन् । यसमा रूढि, अन्धविश्वास, विपर्यय ज्ञान, मिथ्या ज्ञान आदिको अन्त्य पनि प्रयोजन हो । यसको अन्त्यले वास्तविक ज्ञानको स्थापना मूल्यका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यी अनुबन्धचतुष्टयको समष्टि रूप नै मूल्यमीमांसा हो । यो कुरा शोधको समग्र स्वरूपले नै स्पष्ट गर्दछ । यसमा बाहिरी सामाजिक वा अन्य कुनै नैतिक, आचार वा मूल्यको खोजी गरिएको होइन ।

## ४. अनुसन्धानका प्रमुख अङ्ग

पूर्वीय परम्परामा शोधअनुसन्धानका निम्ति प्रमाता, प्रमेय, प्रमाण र प्रमा यी चार प्रमुख अङ्ग मानिएका छन् । यहाँ क्रमशः यिनको परिचय दिइएको छ :

### ४.१ प्रमाता / ज्ञाता

ज्ञानको अन्वेषक नै प्रमाता वा ज्ञाता हो र ज्ञातृत्व गुण चेतनमात्रको धर्म हो । ज्ञाता ज्ञेयको सम्बन्धबाट ज्ञान घटित हुन्छ । यहाँ ज्ञान भन्नाले विशेष किसिमको भएकाले अन्वेषणबाट प्राप्त इन्द्रियात्मक र अतीन्द्रिय दुवै किसिमको ज्ञानलाई मानिएको छ र यिनमा पनि दोस्रो प्रकारको ज्ञानलाई महत्त्व दिइएको छ । प्रमाता शब्द शोधकर्ताको रूप हो । यो सामान्य अवस्थाको ज्ञाता नभएर विशेष अनुसन्धानकर्ता हो । ज्ञान मापनीय हुनेभएकाले ज्ञानको मापन गर्न सक्ने व्यक्ति प्रमाता हो । मीमांसक कुमारिल भट्टले ज्ञान, ज्ञाता र ज्ञेयको त्रिपुटी (त्रिकोणात्मक) सम्बन्ध हुने बताएका छन् । यसमा ज्ञानको निरूपणमा ज्ञाताको भूमिका कति हो भन्ने विषयमा पूर्वीय दर्शनशास्त्रीका बिच मतमतान्तर पाइन्छ । प्रमाताको दृष्टि र योग्यताअनुसार ज्ञान र ज्ञेयको स्वरूपमा भिन्नता आउँछ भन्ने कुरा पूर्वीय शोधग्रन्थबाट प्रमाणित भएको देखिन्छ । ब्रह्मको स्वरूप निरूपणका क्रममा शङ्कर रामानुज, मध्व, निम्बार्क र बल्लभले भिन्नभिन्न निष्कर्ष निकालेका छन् । शङ्करका दृष्टिमा विशुद्ध ज्ञानी शोधार्थीले ब्रह्मको बोध गर्दछ । त्यसैले ब्रह्मको अनुसन्धानका निम्ति योग्य प्रमाता ज्ञानी व्यक्ति हो । रामानुजका दृष्टिमा ब्रह्मजिज्ञासु ज्ञानी मात्र भएर हुँदैन भक्त र प्रपन्न दुवै हुनु आवश्यक छ । अतः दुवै वेदान्ती भए पनि यिनका

प्रमाताको स्थिति भिन्न छ। अतः शङ्कर त्यही ब्रह्मसूत्रको व्याख्या गरेर ब्रह्म अद्वैत भएको निष्कर्ष निकाल्दछन् भने रामानुज विशिष्ट अद्वैत भएको निष्कर्ष निकाल्दछन्। यसरी नै अन्य सिद्धान्तको पनि सामान्यीकरण हुनपुग्दछ । विज्ञानका सन्दर्भमा पदार्थको स्वरूप, गुण र क्रियाको खोजी गर्ने वैज्ञानिक प्रमाता हो भने समाजको संरचना, गुण, कार्य वा तिनको सहम्बन्धको अनुसन्धान गर्ने समाजशास्त्री प्रमाता हो । साहित्यका सन्दर्भमा भावगत संरचना, गुण, कार्य वा तिनका सहसम्बन्धको अनुसन्धान गर्ने भावक प्रमाता हो । यी सबै प्रकारका प्रमाताको स्थान, कार्य, अन्वेषणको विषय भिन्नभिन्न भएकाले ज्ञानका क्षेत्र र प्रयोग पनि अनेक छन् । साहित्यको भावक प्रमाताले गर्ने शोध, विज्ञानको शोध गर्ने वैज्ञानिक प्रमाताको विषय होइन र समाजशास्त्री प्रमाताले गर्ने शोध भावक प्रमाताको पनि होइन। यति हुँदाहुँदै पनि अन्तर्विधात्मक र अन्तर्विषयात्मक शोध हुनसक्छन् र भएका पनि छन्। यसमा एउटा स्मरणीय कुरा के छ भने शोधको निष्कर्ष कार्यकारणात्मक र वैज्ञानिक पद्धतिमा आधारित हुनेभएकाले शोधकार्य भने वैज्ञानिक नै हुनेगर्दछ।

### ८.२ प्रमेय/ज्ञेय

ज्ञान गर्नयोग्य विषय नै प्रमेय हो । न्यायदर्शन (१, १, ९) मा बाह्र प्रमेय आत्मा, शरीर, इन्द्रिय, इन्द्रियका विषय, बुद्धि, मन, प्रवृत्ति, दोष, मृत्यु, फल, दुःख र अपवर्गलाई मानिएको छ । मनुष्यले यी प्रमेयलाई सूक्ष्म ढङ्गले अनुसन्धान गरेर यिनको स्वरूप, गुण आदिको विश्लेषण गर्न सक्दछ भन्ने न्यायदर्शनको मान्यता रहेको छ । यहाँ प्रमेय तत्त्वको सामान्य परिचय दिइएको छ :

(१) **आत्मा** – यो चेतन तत्त्व हो । यसलाई द्रव्यका रूपमा लिइएको छ । सबै वस्तुको द्रष्टा, भोक्ता, ज्ञाता र स्वयं ज्ञेय रूप पनि हो । यो सामान्य इन्द्रियद्वारा प्रत्यक्षीकरण हुँदैन । यो सबैको द्रष्टा भएकाले यो आफ्नो द्रष्टा आफैँ नै हुन्छ । चेतना के हो, ज्ञान कसरी हुन्छ, चेतनाको विकास र आयामलाई अनुसन्धान गर्न सकिनेभएकाले यो प्रमेय हो । वेदान्तदर्शनले आत्मालाई मन, चित्त, बुद्धि र अहङ्कारभन्दा परको चित् तत्त्व स्विकारेको छ। त्यसैले यसलाई यी कुनै अन्तरिन्द्रियले आत्मसात गर्न सक्दैनन्। आत्माको बोध केवल आत्माको जागरणबाट मात्र सम्भव छ भन्ने वेदान्तदर्शनको मान्यता छ। वेदान्तदर्शनले आत्मालाई सत्, चित् र आनन्दस्वरूपको बताएको छ । त्यसैले यसको ज्ञान पनि सत्, चित् र आनन्दात्मक हुने मानिन्छ। न्याय र मीमांसादर्शनले आत्माको

चैतन्यतत्त्व आगन्तुक भएको मानेका छन् र मन, बुद्धि आदिको संसर्गमा यो चैतन्यवत् देखिने मात्र हो र मुक्त अवस्थामा आत्मा चैतन्यशून्य हुने यी दर्शनको मान्यता देखिन्छ ।

(२) **शरीर** – यो भोग गर्ने आधार अर्थात् भोगायतन हो । यसमा स्थूल र सूक्ष्म दुवै प्रकृतिक शरीर पर्दछन् । स्थूल शरीरमा अन्नमय देह पर्दछ, जसमा मांस, मज्जा, अस्थि, केश, नख, रक्त, आदिले बनेको पिण्ड नै अनुसन्धानको विषय बन्दछ । यो विशेष गरेर विज्ञानको अनुसन्धानको विषयभित्र पर्दछ । सूक्ष्म शरीरभित्र प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय शरीर पर्दछन् । शरीरको यो वर्गीकरण वेदान्तदर्शन र विशेष गरेर उपनिषद्को मान्यता हो । यसलाई दर्शन र विज्ञान दुवैले अनुसन्धान गरेका छन् । यसमा पशुपक्षी, रूखबिरुवा आदिका सबै शरीर पर्दछन् ।

(३) **इन्द्रियहरू** – यी सुखदु:ख भोग गर्ने साधनहरू हुन् र ज्ञानप्राप्त गर्ने प्रमुख माध्यम पनि हुन् । पूर्वीय परम्परामा इन्द्रियलाई ज्ञान र कर्मका साधन मानिएको छ तर इन्द्रियमा आधारित ज्ञान निम्नस्तरको हुने र त्यसप्रकारको ज्ञान पशुजगत्मा पनि हुनेभएकाले मानवीय संज्ञान विवेकनिष्ठ हुनुपर्ने मानिएको छ । अनुभववादीले भनेझैँ इन्द्रियानुभवजन्य ज्ञानमात्रमा मानवीय ज्ञान सीमित छैन । मानवीय मन र बुद्धि आनुभविक संस्कारको भण्डार भएकाले अनुभवजन्य ज्ञानभन्दा आनुवंशिक एवं सत्सङ्गबाट प्राप्त विवेक उत्तम प्रकृतिको ज्ञान भएको मानिन्छ ।

(४) **अर्थ** – यी इन्द्रियका विषय हुन् र इन्द्रियहरूले ग्रहण गर्न सकिनेजति विषयलाई अर्थ भनिन्छ । विशेषत: रूप, रस, गन्ध, स्पर्श र शब्द यी विषय मानिन्छन् । यी पञ्चतन्मात्रा हुन् र प्रत्येक पञ्चमहाभूतका सूक्ष्म तत्त्व मानिन्छन् ।

(५) **बुद्धि** – भोगको ज्ञान नै बुद्धि हो र यो आत्मज्ञानभन्दा न्यून प्रकृतिको ज्ञान हो भने इन्द्रियजन्य ज्ञानभन्दा उत्तमप्रकृतिको ज्ञान हो । संसारका यावत् ज्ञान बुद्धिजन्य ज्ञान हो भने आत्मज्ञान वा ब्रह्मज्ञानचाहिँ बुद्धिद्वारा प्राप्य छैन ।

(६) **मन** – सुखदु:खरूप भोगको माध्यम मन हो । वस्तुको निरीक्षणपश्चात् त्यसका बारेमा सङ्कल्प, विकल्प गर्ने विशेष इन्द्रियका रूपमा मनलाई लिइन्छ ।

(७) **प्रवृत्ति** – मन, वचन र शरीरको व्यापारलाई प्रवृत्ति भनिन्छ । यी कुनै न कुनै काममा प्रवृत्त हुन्छन् र तिनका कार्यलाई जान्नु पनि प्रमेय हो ।

(८) **दोष** – राग, द्वेष जस्ता दुष्कर्मप्रति प्रवृत्तिको कारण नै दोष हो ।
(९) **प्रेत्यभाव** – मृत्युको गति नै प्रेत्यभाव हो ।
(१०) **फल** – सुखदुःखको अनुभव नै फल हो ।
(११) **दुःख** – प्रतिकूल अनुभव वा पीडा नै दुःख हो ।
(१२) **अपवर्ग** – सुखदुःखबाट निवृत्ति नै अपवर्ग वा मोक्ष हो ।

यी प्रमुख प्रमेय हुन् र यसप्रकारका अरु पनि प्रमेय हुन सक्छन् भन्ने न्यायदर्शनको मान्यता छ । शोधका सन्दर्भमा प्रमेय शोधार्थीको शोधको विषय हो । यसमा शोधार्थी प्रमाताका रूपमा प्रस्तुत भएर शोध विषयलाई प्रमाणित गर्दछ । साहित्यशास्त्रका सन्दर्भमा रस, अलङ्कार, ध्वनिजस्ता विषय प्रमेय हुन् । अर्थात् जे कुराको खोजी गरिन्छ त्यो प्रमेय हो । यी दर्शनले प्रतिपादन गर्ने प्रमेय भए पनि ज्ञानका विभिन्न शाखाहरूमा भएका वा हुने शोध्य विषय नै प्रमेय हुन् र प्रमाता अर्थात् शोधार्थीले आफ्नो प्रमेलाई सिद्ध गर्नका निम्ति प्रमाण प्रस्तुत गर्दछ र प्रमा सिद्ध गर्दछ । त्यही सिद्ध तथ्य नै प्रमा वा प्रमिति हो ।

### ४.३ प्रमाण

प्रमाको असाधारण कारण नै प्रमाण हो र यो ज्ञाननिर्माणको महत्त्वपूर्ण अङ्ग हो । विषयअनुसार प्रमाण भिन्न भिन्न हुनेगर्दछ र शोधका सन्दर्भमा शोधार्थीको ज्ञानलाई स्थापित गर्ने साधन नै प्रमाण हो । कुनै पनि विषयको शोधार्थीलाई प्रत्यक्ष
र शब्दप्रमाणको आवश्यकता पर्ने देखिन्छ । प्रत्यक्ष प्रमाण शोधार्थीले क्षेत्रकार्यबाट सङ्कलन गरेका तथ्याङ्कहरू, सूचनाहरू लौकिक प्रत्यक्षका विषय हुन् भने ती तथ्यमा लुकेका कार्यकारणजन्य तथ्यचाहिँ मानसिक/ बौद्धिक वा अलौकि प्रत्यक्ष हुन् । लौकिक र अलौकिक दुवै प्रकृतिका प्रमाणको युक्तियुक्त वा तार्किक व्यवस्थापन नै शोधलाई निष्कर्षमा पुऱ्याउने साधन मानिन्छन् । प्रत्यक्ष प्रमाणलाई पुनः प्रमाणित गर्न वा परिपुष्ट वा शास्त्रीय आधार प्रदान गर्न शब्दप्रमाणको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

### ४.४ प्रमा

शोध वा व्यवहारबाट सिद्ध ज्ञान नै प्रमा हो र यो प्रत्यक्ष आदि प्रमाणले सिद्ध हुनुपर्ने मानिन्छ । प्रमाताको बौद्धिक कुशलताले प्रमेय र प्रमाणको तार्किक

संयोजनबाट निष्कर्ष नै प्रमा वा प्रमिति हो । यो सिद्ध ज्ञान हो र यो अभ्रान्त, निश्चयात्मक वा व्यवसायात्मक एवं शास्त्र र व्यवहारसँग मिल्ने हुन्छ । यथार्थ ज्ञानको साधन प्रमाण हो । यो प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अनुपलब्धि र अर्थापत्ति हुन् र यिनमा पनि प्रत्यक्ष, अनुमान र शब्द प्रमुख प्रमाण हुन् । यी प्रमाणमा पनि पहिलो प्रत्यक्ष नै अकाट्य मानिन्छ ।

## ५. पूर्वीय वाङ्मयमा शोधका आधारभूत पक्ष

पूर्वीय परम्परामा शोाधखोजको प्रारम्भ गर्ने प्राचीन ग्रन्थदेखि नै शोधका केही आधारभूत पक्ष रहेका देखिन्छन् जो आजका प्रविधियुक्त ज्ञानविज्ञानका क्षेत्रमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् । यहाँ केही पक्षहरूलाई प्रकाशित गरिएको छ ।

### ५.१ संज्ञाकरण

पूर्वीय शोधपरम्परामा शोधार्थीले आफ्नो शोधसँग सम्बन्धित विशेष शब्दहरू चयन गर्दछ र तिनलाई निश्चित अर्थमा विशिष्टीकरण गर्दछ । त्यस्ता शब्द सामान्य अर्थमा व्यवहारमा पनि पाइन्छन् तर शोधमा प्रयोग भएका शब्दको चाहिँ व्याख्याद्वारा मात्र अर्थको बोध हुन्छ । व्याकरणशास्त्र, साहित्यशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र, साङ्ख्यदर्शन, योगदर्शन, वेदान्तदर्शनजस्ता अनन्त शास्त्रहरू छन् जसका आआफ्नै विशिष्ट शब्दहरू छन् । यसैकारण संस्कृत भाषामा प्राविधिक एवं पारिभाषिक शब्दको भण्डार अत्यधिक मात्रामा पाइन्छ किनभने त्यहाँ अनेकौँ शास्त्रको विकास भएको छ, जस्तै :

**व्याकरणका शब्दहरू** : प्रकृति, प्रत्यय, कारक, विभक्ति, सूत्र, वृत्ति, लोप, आगम, आदेश, कर्ता, कर्म, संहिता, प्रत्याहार, समास, कृत्, तद्धित् आदि ।

**साहित्यका शब्दहरू** : रस, अलङ्कार, ध्वनि, रीति, वक्रोक्ति, गुण, मार्ग, ओज, प्रसाद, विभाव, अनुभाव, वस्तु, पात्र, सन्धि, कार्यावस्था, अर्थप्रकृति आदि ।

**भौतिकशास्त्रका शब्दहरू** : पृथिवी, जल, तेज, वायु, आकाश, पञ्चमहाभूत, द्रव्य, गुण, अणु, परमाणु , त्रसरेणु, ताप, ऊर्जा, गुरुत्व, प्रकृति, महत् तत्त्व, पदार्थ आदि ।

**रसायनशास्त्रका शब्दहरू** : रस, रसायन, पारद, क्षार, द्रवण, लवण, अम्ल, गन्धक, हिङ्गुल आदि ।

**दर्शनशास्त्रका शब्दहरू** : प्रकृति, प्रत्यय, कर्ता, वृत्ति, गुण, प्रत्याहार, आत्मा, अनात्मा, ब्रह्म, योग, ध्यान आदि ।

## ५.२ लक्षण, परिभाषीकरण र नियमन (अप्रेसनल डिफिनेसन)

पूर्वीय शोधपरम्परामा विशिष्ट शब्दचयनपश्चात् तिनलाई लक्षणबद्ध गरेर परिभाषीकरण गरिन्छ र विशिष्टार्थमा नियमन गरिन्छ । त्यसैले एउटा शब्दको ज्ञानका हरेक अनुशासनमा भिन्नभिन्न अर्थ हुन्छन् । व्याकरणशास्त्रमा प्रयोग भएको प्रकृति र प्रत्यय तथा दर्शनशास्त्रका प्रकृति र प्रत्ययका अर्थ भिन्न छन् । व्याकरणमा प्रकृति प्रत्यय शब्द क्रमशः कुनै पनि पदका आधार आधेयलाई बुझाउन प्रयोग हुन्छन् भने दर्शनमा प्रकृतिको अर्थ ब्रह्माण्डको उपादान कारण हो भने प्रत्ययको अर्थ विचार वा धारणा भन्ने हुन्छ । यस्ता हजारौँ शब्दहरू छन् जसले भिन्न विधामा भिन्नै विशिष्ट अर्थ प्रदान गर्दछन् । अनुसन्धानकर्ताले कुनै पनि विशिष्ट शब्दलाई परिभाषित गरी नियमन गरेपछि मात्र त्यो अनुसन्धानका निम्ति बोधगम्य हुने कुरा पूर्वीय शोधको एउटा महत्त्वपूर्ण पक्ष हो । यहाँ केही उदाहरण दिइएका छन् :

**आत्मा** : इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञानान्यात्मनो लिङ्गम्, (न्यायसूत्र,१,१, १०) अर्थात् इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख, ज्ञान यी आत्माका लक्षण हुन् ।

**दुःख** : बाधनालक्षणं दुःखम्, (न्यायसूत्र, १,१, २१) इच्छा गरिएको वस्तु प्राप्तिमा बाधा उत्पन्न हुनु नै दुःख हो ।

**मोक्ष** : तदत्यन्तविमोक्षोपवर्गः, (न्यायसूत्र,१,१,२२) दुःखको पूर्ण निवृत्ति नै मोक्ष हो ।

**ईश्वर** : क्लेषकर्मविपाकाशयैरपरामृष्टपुरुषविशेष ईश्वरः, (योगसूत्र,१, १) क्लेष, कर्म र कर्मको परिणामबाट मुक्त पुरुष नै ईश्वर हो ।

**पृथिवी** : तत्र गन्धवती पृथिवी, (तर्कसङ्ग्रह, ९) गन्ध गुणको प्रधानता भएको वस्तु नै पृथिवी हो ।

**जल** : शीतस्पर्शवत्यापः, (तर्कसङ्ग्रह, १०) शीतलता र स्पर्शगुण भएको वस्तु जल हो ।

**प्रयोजन** : यमर्थमधिकृत्य प्रवर्तते तत्प्रयोजनम् (न्यायसूत्रम्, १,१, २४) जुन कामका निम्ति प्रवृत्त हुन्छ त्यो प्रयोजन हो ।

**धर्म** : यतोभ्युदयनिःश्रेयससिद्धिः स धर्मः, (वैशेषिकसूत्र, १,१,१) जसबाट उन्नति र कल्याण हुन्छ त्यो धर्म हो ।

यी संज्ञाकरणका केही उदाहरण हुन् ।

## ५.३ वर्गीकरण

पूर्वीय शोधपरम्परामा वर्गीकरण पनि एउटा मुख्य पक्ष हो । जुन विषयको खोज गर्नु छ त्यसलाई त्यसका आकार, गुण, स्वभाव आदिका आधारमा विभिन्न

वर्ग, उपवर्ग र प्रवर्ग आदिमा विभाजन गरेर सूक्ष्मविश्लेषण गरेको पाइन्छ । यसले वस्तुको संरचना र कार्यलाई देखाउँछ । पूर्वीय परम्परामा प्राय गरेर कार्य वा गुणका आधारमा नै वस्तुको वर्गीकरण गरेको देखिन्छ । उदाहरणका रूपमा क र ख वर्णलाई वर्गीकरण गर्नुपर्‍यो भने स्थान र प्रयत्न दुई आधारमा यी क्रमशः क= कण्ठ्य, अल्पप्राण, अघोष गुणले युक्त छ भने ख= कण्ठ्य, महाप्राण र अघोष गुणले युक्त छ । क र ख दुवैमा कण्ठ्य र अघोष समान गुण र अल्पप्राणत्व र महाप्राणत्वचाहिँ व्यतिरेकी गुण देखिन्छन् । त्यसैले क र ख दुवैमा समान गुणको आधिक्य र कममात्र विपरीत गुण पाइन्छ । यसरी नै क र छ को भिन्नता हेर्दा क= कण्ठ्य, अल्पप्राण र अघोष गुणले युक्त छ भने छ= मा तालव्य, महाप्राण र अघोष गुण पाइन्छन् । यी दुवैमा अघोषत्वमात्र समान छ । वर्णको वर्गीकरण करिब इसापूर्व एकहजार वर्षपहिलेदेखि नै भएको देखिन्छ । संस्कृतमा स्वरवर्ण र व्यञ्जनवर्णलाई यसरी नै वर्गीकरण गरिएको छ

साङ्ख्यदर्शनले ब्रह्माण्डका जड र चेतन दुवै तत्त्वलाई प्रकृति र पुरुष दुई वर्गमा विभाजन गरेको छ र प्रकृतिलाई पुनः चौबीस तत्त्वमा विभाजन गरेको छ । साङ्ख्यले विभाजन गरेका चौबीस तत्त्वहरू मूल प्रकृति, महत्तत्त्व, अहङ्कार, मन, पञ्चतन्मात्रा, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेद्रिय, पञ्चमहाभूत पर्दछन् । पुरुषसहित यी पच्चीस तत्त्वभित्र संसारमा सबै तत्त्व पर्दछन् भन्ने साङ्ख्यको धारणा देखिन्छ ।

पुराणहरूमा पृथिवीलाई सातद्वीपमा विभाजन गरिएको छ । ती द्वीपहरू जम्बू, प्लक्ष, शाल्मली, कुश, क्रौञ्च, शाक र पुष्कर हुन् र यिनलाई सात महासागरले छुट्याएको छ (*श्रीमद्भागवत,* ५, १, ३२) । यी प्रत्येक द्वीपलाई वर्षमा विभाजन गरेर ती वर्षका नदी, पर्वत, जाति, तिनको सस्कृति आदिका विशेषताको वर्णन गरिएको छ। यो एकप्रकारले भूगोलको अनुसन्धान हो र यसमा सात महादेश र सात समुद्रको अवधारणा पाइन्छ । ज्योतिषको पञ्चसिद्धान्तिका र ब्रह्मस्फुट सिद्धान्तले पृथिवीलाई उत्तरी र दक्षिणी ध्रुव भनी वर्गीकरण गरेको छ (पोरवाल, सन् २०१८, २१८ आयुर्वेदमा जललाई अनेक प्रकारले वर्गीकरण गरिएको छ । स्थान, स्रोत, अवस्था आदिका आधारमा पानीका अनेक वर्गविभाजन गरिएको पाइन्छ । उद्गम र प्रवाहका भेदले नदीलाई वर्गीकरण गर्दै चरकसंहितामा भनिएको छ :

नद्यः पाषाणविच्छिन्ना विक्षुब्धविमलोदकाः । हिमवत्प्रभवाः पथ्याः पुण्या देवर्षिसेविताः॥
नद्यः पाषाणसिकतावाहिन्यो विमलोदकाः । मलयप्रभवा याश्च जलं तास्वमृतोपमम् ॥

पश्चाभिमुखा याश्च पथ्यास्ता निर्मलोदकाः । प्रायो मृदुवहा गुर्व्यो याश्च पूर्वसमुद्रगाः ॥
(*चरकसंहिता,* सूत्रस्थानम् २७, २०१- ३)

(अर्थात् पहाडबाट निस्किएको नदी अत्यन्त वेगवान् र शुद्ध जल भएको, हिमालबाट निस्किएको नदी देवर्षिहरूले सेवन गरिने पवित्र र पथ्य, ढुङ्गा र वालुवा बगाउने नदी शुद्ध जल भएको, मलयाचलबाट निस्किएको नदीको जल अमृतसमान, पश्चिम बग्ने नदी खानयोग्य र निर्मल जल भएको र पूर्वी समुद्रमा प्रवेश गर्ने नदीहरू प्राय मिठो र गह्रुङ्गो प्रकृतिका हुन्छन् ।)

यसप्रकारको वर्गीकरण पूर्वीय शोधको महत्त्वपूर्ण पक्ष हो ।

## ५.४ वर्ण्यविषयको स्वरूप निरूपण

पूर्वीय परम्परामा जुनसुकै विषयमा शोध गर्दा विषयको स्वरूप निरूपण गरेको पाइन्छ । वर्ण्य वा शोध्य विषयको स्वरूप वा आकारप्रकारको खोजी आधार भूत ज्ञान मानिन्छ । ऋग्वेदमा पृथिवीको स्वरूप वर्णन गर्दै भनिएको छ :

चक्रणासः परीणहं पृथिव्या हिरण्येन मणिना शुम्भमाना । न हिन्वानास्वस्तितिरुस्त इन्द्रं परि स्पशो अद्धात् सूर्येण ॥ (*ऋग्वेद,* १, ३३, ८)

## ५.५ जिज्ञासाकथन वा शोधसमस्याको उल्लेख

पूर्वीय शोधपरम्परामा जिज्ञासाकथन समस्याकथनकै स्थानापन्नरूपमा रहेको देखिन्छ। जिज्ञासा नै ज्ञानप्राप्तिका निम्ति प्रस्थानविन्दु रहेको छ। जिज्ञासा शोधार्थीका मनमा हुने ज्ञानप्रतिको गहिरो अभिव्यक्ति हो र यसलाई को, के, किन, कसरीजस्ता प्रश्नहरू उठाउँदै विषयवस्तु उपस्थापन र तर्क, प्रमाण, दृष्टान्त, वाद आदि युक्तिको सहयोगले निष्कर्षमा पुग्नेगरेको पाइन्छ । प्रश्नोत्तर पद्धति ज्ञाननिर्माणको एउटा महत्त्वपूर्ण पक्ष रहेको देखिन्छ । वैदिक वाङ्मयदेखि नै संसारका वस्तुप्रति को, के, कसरी, किनजस्ता प्रश्नका माध्यमद्वारा वस्तुसत्यको अन्वेषण गरेको पाइन्छ । *ऋग्वेद,* १०, १२९, ६ मा भनिएको छ :

को अद्धा वेद क इह प्र वोचत् कुत आयात कुत इयं विसृष्टिः । अर्वाग्देवा अस्य विसर्जनेनाथा को वेद यत आबभूव ॥

(यो सृष्टि कहाँबाट आएको भनेर को जान्न र को भन्न सक्छ किनभने देवता र विद्वान्हरू पनि सृष्टिभन्दा पछि जन्मिएका हुन् त्यसैले यसका बारेमा को भन्न सक्ला र ।)

*ऋग्वेद*को यस कथनमा प्रश्नार्थक वाक्यहरू आएका छन् र मानवको उत्पत्तिपूर्वको सृष्टिसम्बन्धी जिज्ञासा यहाँ प्रकट भएको छ । यस प्रश्नमा मानव मेधा आदिम सृष्टिका विषयमा अनुमान गर्न सक्छ र यसको कारण जान्न सक्छ भन्ने अर्थ पनि प्रकट भएको छ । शुक्लयजुर्वेद (२३, ४५) मा भनिएको छ :

कः स्विदेकाकी चरति क उ स्विज्जायते पुनः । किंस्विद्धिमस्य भेषजं किंवावपनं महत् ॥
(को एकलै विचरण गर्थ्यो ? त्यसपछि कसको उत्पत्ति भयो ? हिमको औषधि के हो ?)

यसरी *शुक्लयजुर्वेद* (२३, ४७) प्रश्नोत्तर शैलीमा अनेक तत्त्वको खोजी गरिएको छ ।

किंस्वित्सूर्यसमं ज्योतिः किं समुद्रसमं सरः । किंस्वित्पृथिव्यै वर्षीयः कस्य मात्रा न विद्यते ॥

(अर्थात् सूर्यको समान ज्योति के हो ? समुद्र बराबरको तलाउ के हो ? पृथ्वीभन्दा पुरानो के हो ? कसको मात्रा वा मापन गर्न सकिँदैन ?)

यस प्रश्नको उत्तरमा भनिएको छ : सूर्यसमान ज्योति भएको ब्रह्म तत्त्व छ, समुद्रसमान तलाउ द्यौ अर्थात् आकाश छ, पृथ्वीभन्दा पुरानो इन्द्र छ भने मापन गर्न नसकिने गो (गाई, किरण, इन्द्रिय आदि सायद यहाँ गौ शब्द चेतनाबोधक हुनसक्छ ) छन् (*शुक्लयजुर्वेद*, २३, ४८) । यस अनुसन्धानमा भौतिक र पराभौतिक दुवै तत्त्वको अन्वेषण गरिएको र तुलनाद्वारा ज्ञान स्थापन गर्न खोजिएको छ । *केनोपनिषद्*को प्रारम्भ नै कसले भन्ने प्रश्नबाट भएको छ यो मन कसको इच्छाले चल्छ, यी प्राणहरू कसरी चलेका छन् , यस्तै वाणी, आँखा, कान आदि चलाउने को छ भने जस्ता प्रश्न गरिएका छन् (*केनोपनिषद्*, १,१) । षड्दर्शनका व्यवस्थित ग्रन्थ मानिने *ब्रह्मसूत्र, मीमांसासूत्र* आदिमा अथातो ब्रह्मजिज्ञासा, अथातो धर्मजिज्ञासा जस्ता जिज्ञासामूलक वाक्यबाट सुरु भएका छन् । जिज्ञासाको मूल कारण मानिसमा हुने जन्मसिद्ध उत्साह, औत्सुक्य वा कौतूहल, भय आदि वृत्तिहरू पनि कारण मानिन्छन् । यसलाई साहित्यशास्त्रमा रसका रूपमा व्याख्या गरिएको छ ।

यसरी पूर्वीय परम्परामा हरेक ज्ञानको खोजी जिज्ञासा वृत्तिद्वारा सुरु भएको देखिन्छ र के, को, किन, कसरी, कहिले जस्ता प्रश्नका माध्यमबाट उत्तर खोज्ने परिपाटी रहेको देखिन्छ ।

## ६. पूर्वाध्ययनको पद्धति

संस्कृत शोधपरम्परामा पूर्वाध्ययनको अवलोकन गर्ने परिपाटी देखिन्छ र यो पूर्वाचार्यरूको सम्मान, लुप्त ज्ञानको पुनः खोजी, ज्ञानको प्राचीनता, पूर्वज्ञानको खण्डन, संशयको निराकरण, ज्ञानको समयानुकूलन ज्ञानको विमर्श, विविध ज्ञानको स्वीकृति र ज्ञानको संरक्षण एवं सम्बर्द्धन गर्ने हेतुले गरेको देखिन्छ ।

### ६.१ पूर्वाचार्यको परम्परा र ज्ञानको वैधता

शोधार्थीले आफ्नो विषयमा केकस्ता अध्ययन भएका छन् भन्ने ज्ञान नगरीकन कुनै पनि अनुसन्धान गर्न कठिन हुन्छ त्यसैले सम्बद्ध विषयका बारेमा जानकारी सँगै ती पूर्वाध्येताको परम्परा र ज्ञानको वैधताका लागि पूर्वअध्ययनलाई उल्लेख गरेको पाइन्छ । आयुर्वेदग्रन्थ चरकसंहितामा आयुर्वेद ब्रह्माले इन्द्रलाई र इन्द्रले भरद्वाज ऋषिलाई दिएको भरद्वाजबाट अरू ऋषिले पाएको प्रसङ्ग पाइन्छ । यस्तो परम्पराको उल्लेखले ज्ञानको आनुवंशिकता र ज्ञानको वैधताका निम्ति गरिएको हो साथै यसमा पूर्वाचार्यका मूलभूत विषय हेतु, लक्षण र उपचारको पनि उल्लेख गरेर तिनको आवश्यक विस्तार गरेको प्रसङ्ग पनि पाइन्छ :

हेतुलिङ्गौषधज्ञानं स्वस्थातुरपरायणम् । त्रिसूत्रं शाश्वतं पुण्यं बुबुधे यं पितामहः ॥
सोनन्तपारं त्रिस्कन्धमायुर्वेदं महामतिः । यथावदचिरात् सर्वे बुबुधे तन्मना मुनिः ॥
(*चरकसंहिता,* १, २४-२५)

यसमा ब्रह्माले इन्द्रलाई र इन्द्रले भरद्वाज ऋषिलाई अनि भरद्वाजले आफ्ना शिष्यलाई पढाएको प्रसङ्ग वर्णन गरिएको छ साथै यसमा ब्रह्माले रोगको हेतु, वा कारण, रोगको लक्षण र त्यसको औषधि यी तीन विषयलाई बताएका थिए । पछि भरद्वाजले त्रिस्कन्धरूप शास्त्र आफ्ना शिष्यलाई पढाएको र शिष्यप्रशिष्य परम्परामा पुनर्वसु, अग्निवेश, भेल, जतूकर्ण, पराशर, हारीत, क्षारपाणिजस्ता शिष्यहरूले आयुर्वेदको अनुसन्धान गरेको र सर्वप्रथम अग्निवेशले यसलाई शोध गरी ग्रन्थका रूप दिएको वर्णन पाइन्छ (*चरकसंहिता,* ३०-३२) । यसरी पूर्वाचार्यको योगदानको सम्मानका लागि पूर्वसाहित्यको उल्लेख गरेको पाइन्छ ।

### ६.२ लुप्त ज्ञानको खोजी

परम्परागत ज्ञानको लोप भएपछि त्यसको खोज गर्नका निम्ति पनि पूर्वकार्यको खोजी गरिन्छ । गीतामा योगसम्बन्धी ज्ञान लोप भएको सन्दर्भमा त्यसको परम्परा उल्लेख गरिएको छ ।

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् । विवस्वान् मनवे प्राह मनुरिक्ष्वाकवे प्रबीत् ॥
एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः । सः कालेनेह महता योगो नष्टः परन्तप ॥
(*गीता,* ४,१-२)

कृष्णले अर्जुनलाई योगका बारेमा बताउने क्रममा योग सर्वप्रथम ईश्वरले विवस्वान्लाई, विवस्वान्ले मनुलाई र मनुले इक्ष्वाकुलाई बताएको र त्यो योग कालको प्रवाहमा लोप भएकाले फेरि कृष्णले अर्जुनलाई बताउनुपरेको प्रसङ्गमा यी श्लोक आएका हुन् । यस कथनमा ज्ञान समयसमयमा लोप हुँदैजाने र त्यसको परम्परा विच्छिन्न हुनेहुँदा त्यसका जानकार व्यक्तिहरूले पूर्वपरम्परालाई आफ्नो अनुसन्धानमा जोड्नुपर्ने शोधको मान्यता विकास भएको देखिन्छ ।

### ६.३ ज्ञानको प्राचीनताको प्रमाणीकरण

कुनै पनि ज्ञान अनुभव भइरहेको र व्यवहारमा पनि प्रचलनमा रहेको तर त्यसलाई सैद्धान्तिक रूपमा नबुझिएको परिप्रेक्ष्यमा पनि पूर्वाध्ययनबाट त्यसलाई स्पष्ट गर्ने काम गरेको पाइन्छ । आनन्दवर्द्धनले आफ्नो *ध्वन्यालोक* कृतिमा ध्वनिसिद्धान्त स्थापन गर्ने क्रममा यसप्रकारको पूर्वाध्ययनको समीक्षा गरेका छन् ।

काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्व :
तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ।
केचिद् वाचां स्थितमविषये तत्त्वमूचुस्तदीयम्
तेन ब्रूमः सहृदयमनः प्रीतये तत्स्वरूपम् ॥
(*आनन्दवर्द्धन, ध्वन्यालोक,* १,१)५

ध्वनिसिद्धान्तको अस्तित्वका बारेमा पूर्ववर्ती आचार्यहरूले विभिन्न ढङ्गले बताएका छन् । कसैले यसलाई काव्यको आत्माका रूपमा बताएका छन् भने कोही यसको अभाव मान्दछन् । कसैले ध्वनि भए पनि यो लक्ष्यार्थमा नै समेटिने विषय भएको र कसैका दृष्टिमा भने यो अनिर्वचनीय भएको विषय हो भन्ने धारणा राखेका छन् । त्यसैले ध्वनिको स्पष्ट स्वरूप बताउन आवश्यक भएको आनन्दवर्द्धनको स्पष्टोक्ति छ । यसमा एकातिर ज्ञानको प्राचीनता र अर्को अस्पष्ट ज्ञानलाई स्पष्टीकरण गर्न आवश्यक भएको कुरा उल्लेख छ । यी विचारलाई पूर्वाध्ययन वा धारणाका रूपमा लिएर कृतिमा यिनको खण्डन तथा आफ्नो मतको मण्डन गरिएको छ ।

## ६.४ संशयको निराकरण

पूर्वीय परम्परामा ज्ञानका विषयमा भएका अनेकौँ संशय निराकरणका निम्ति पनि पूर्वाध्ययन गरेको पाइन्छ । व्याकरणशास्त्रका महाभाष्यकार पतञ्जलिले पाणिनिका व्याकरणमा देखिएका अनेकौँ संशयलाई निराकरण गर्नका निम्ति महाभाष्यमा पूर्वपक्षलाई उल्लेख गरका छन् । पतञ्जलिले पाणिनीय सूत्रमाथि निकै गम्भीर शोध गरेर महाभाष्यको निर्माण गर्ने प्रारम्भमा नै शब्द भनेको के हो भन्ने प्रश्न प्रस्तुत गर्दै गौ (गाई/गोरु) शब्दमा माला, पुच्छर, जुरो, खुर, सिङ आदि भएको मांसपिण्ड गाई/गोरु हो कि, अथवा गाई/गोरुका हाउभाउ, चेष्टा, आँखा चलाउनु आदि गाई/गोरु हो कि, अथवा गाई/गोरुमा देखिने सेतो, कालो, कैलो, छिरबिरे जस्ता रङ गाई/गोरु हो कि भन्दै यी कुनै गौ शब्द नभएको र यी समग्रबाट व्यक्त हुने मस्तिकीय गौ नै गौ शब्द हो भनेर संशय निवारण गरेका छन् (पतञ्जलि, २०७२, पृ. ९-१४) । यो पनि पूर्वधारणाको समीक्षा हो र त्यसको समीक्षा गर्दै परम्परामा देखिएको शब्दप्रतिको संशय निवारण गर्ने प्रयास भएको छ। यसमा हरेक भाषा त्यस भाषा बोल्ने मानिसको मस्तिष्कमा हुने धारणाका साथै मानवीय भाषाको सम्बन्ध मस्तिष्कसँग हुने तथ्य र एकप्रकारको सिद्धान्त स्थापन पनि गरिएको छ।

## ६.५ स्थापित मान्यताको खण्डन र नयाँ मान्यताको स्थापना

पूर्वकार्यको समीक्षाको एउटा प्रयोजन स्थापित सिद्धान्त वा मान्यताको खण्डन र नयाँ मान्यताको स्थापना पनि हो । यहाँ जैन स्याद्वादको खण्डन र अद्वैत प्रामाण्यवादको स्थापनाका निम्ति शङ्कराचार्यले पूर्व मान्यतालाई यसरी पाठमा उल्लेख गरेका छन् :

> सर्वत्र चेमं सप्तभङ्गीनयं नाम न्यायमवतारयन्ति । स्यादस्ति, स्यान्नास्ति, स्यादस्ति च नास्ति च, स्यादवक्तव्यः, स्यादस्ति चावक्तव्यश्च, स्यान्नास्ति चाव्यक्तश्च, स्यादस्ति च नास्ति चाव्यक्तश्चेति । एवं एकत्वनित्यत्वादिष्वपीमं सप्तभङ्गीनयं योजयन्ति । अत्राचक्ष्महे नायमभ्युपगमो युक्त इति ।
>
> (*शाङ्करभाष्यम्*, २, २, ३३)

यसमा जैनदर्शनले सत्य जहिल्यै पनि अर्थ सापेक्ष हुन्छ भनेर सप्तभङ्गीनयको सिद्धान्त स्थापन गरेको छ त्यसलाई खण्डन गर्नका निम्ति यो पूर्वोक्त मान्यता यहाँ उल्लेख भएको छ ।

### ६.६ बहुलताको स्वीकृति

ज्ञान र तत्त्वको स्वरूप एवं कार्यको बहुलता देखिने र प्रमाताको दृष्टि विविधताका कारण वस्तुसत्य विविध हुनेभएकाले त्यसका निम्ति पनि पूर्वाध्ययन गर्नेगरेको पाइन्छ । पाणिनिले अष्टाध्यायीमा स्फोटायन, भारद्वाज, गालव, काश्यप आदिका मतभेदलाई स्विकारेर तिनलाई वैकल्पिक ज्ञानका रूपमा स्थान दिएका छन् । अवङ् स्फोटायनस्य, ऋतो भारद्वाजस्यजस्ता सूत्र यसका प्रमाण हुन् ।

## ७. पूर्वीय शोधअनुसन्धानका विशेषता

पूर्वीय शोधमूलक वाङ्मयको अनुशीलन गर्दा पाइएका अनुसन्धानका विशेषता यसप्रकारका रहेका छन्

### ७.१ विषयनिष्ठता

शोधको मुख्य तत्त्व भनेको विषय हो । विषय विभिन्न हुनेभएकाले र ती सबै व्यक्तिको पहुँचभित्र नहुनेभएकाले शोधको विषय स्वयंमा विशिष्ट हुनेगर्दछ । विषय विशिष्टताको पहिचान नै पनि एकप्रकारको शोधको आरम्भ हो । वेदान्तदर्शनको विषय वेदान्तीहरूका निम्ति बोध्य र ग्राह्य हुन्छ र परम्परागतरूपमा शिष्यप्रशिष्यलाई प्राप्त भएको हुन्छ । शोधका सन्दर्भमा त्यस ज्ञानको प्रतिपादक, व्याख्याता, विरोधी, ज्ञानप्रतिपादन गर्ने ग्रन्थजस्ता विषय सहयोगी वा गौण मानिन्छन्. र स्वतः प्रसङ्गवश ती आउँछन् । मूलतः विषयको स्वरूप, लक्षण, तत्त्व, प्रकार, त्यसको प्रामाणिकता, वैधता, स्वीकार्यता, व्यवहारोपयोगिताजस्ता विषयनिष्ठ कुराहरूलाई विमर्शको विषय बनाइएको हुन्छ । त्यसैले पूर्वीय शोधग्रन्थका सन्दर्भमा लेखक, ग्रन्थ, समय, पृष्ट जस्ता विषय गौण मानिन्छन् र ऐच्छिक रूपमा रहेका देखिन्छन् । मुख्य प्रतिपाद्य विषय भएकाले त्यसका विविध पक्षमा विमर्श भएको देखिन्छ

### ७.२ विषयीको योग्यता

शोधमा विषयको प्रधानता रहनेभएकाले अन्य पक्ष गौण मानिन्छन् तथापि गौणतत्त्वका विशेषताका बारेमा पनि केही विमर्श भएका छन् । शोधार्थी विषयमा अवगाहन गर्ने र तदनुरूप आचरण गर्ने हुनुपर्छ भन्ने मानिएको छ । शोधविषयसँग शोधार्थीको नैतिक सम्बन्ध अटुट रहने र विषयप्रतिको निष्ठा र आस्था भएन भने उसले विषयको गाम्भीर्यलाई आत्मसात गर्न कठिन हुने मानिन्छ । पूर्वीय परम्परामा शोध गर्ने अधिकारी को हो भन्ने विषयले पनि निकै चर्चा पाएको छ । कुनै पनि ज्ञानको निर्माणमा निर्माता र त्यसको ग्राहक दुई पक्ष हुन्छन् । पूर्वीय परम्परामा

गुरु र शिष्यको विम्बले यी पक्षलाई प्रतिबिम्वन गराइएको हुन्छ । शङ्कराचार्यले ग्रन्थसमाप्तिको सन्दर्भमा यी दुई पक्षको स्वरूप र भूमिकाको उल्लेख गरेका छन् :

इत्याचार्यस्य शिष्यस्य संवादेनात्मलक्षणम् । निरूपितं मुमुक्षूणां सुखबोधोपपत्तये ॥ हितमिममुपदेशमाद्रियन्तां विहित निरस्तसमस्तचित्तदोषाः । भवसुखविरताः प्रशान्तचित्ताः श्रुतिरसिका यतयो मुमुक्षवीये ॥ (*विवेकचूडामणि,* ५७९-८०)

(अर्थात् आचार्य र शिष्यको संवादका रूपमा आत्मासम्बन्धी लक्षण मुमुक्षुहरूका लागि सुखपूर्वक बोध होस् भनेर बताइएको हो ।) वेदान्तदर्शनका सन्दर्भको प्रसङ्ग भएकाले यसको प्रमाता माथि वर्णन भएझैं शान्तचित्त संन्यासी मानिन्छ र यो ज्ञानको अन्वेषी र त्यसको पाठक दुवैको सम्बन्ध पनि तदनुरूप नै अपेक्षा गरिएको हो । (यो ज्ञान त्यस्ता प्रमाताहरूका लागि हो जो चित्तका समस्त दोषहरूलाई नाश गरेर सांसारिक सुखबाट विमुख भएका शान्तचित्त वेदरसमा डुबेका मुमुक्षु संन्यासी छन् ।)

विषयी अर्थात् शोधकर्ता आफूले चयन गरेको विषयमा एकाकारको (अब्जेक्टिफाइ) स्थितिमा नैतिक रूपमा पुग्नुपर्ने वेदान्तीय धारणाले विषय र विषयीको अद्वैततालाई प्रमाणित गर्न खोजेको छ । ब्रह्मविद् ब्रह्मैव भवति अर्थात् ब्रह्मवेत्ता ब्रह्म नै हुन्छ भन्ने प्रसिद्ध भनाइ पनि विषयीको नैतिक कोणबाट नै आएको देखिन्छ । त्यसैले जुन विषयमा शोधकर्ता अवगाहन गर्छ त्यसको अन्तर्गर्भमा पुगेर त्यस तत्त्वलाई आत्मसात गर्नु सही प्रमाताको लक्षण हो ।

चरकसंहितामा आयुर्वेदको जिज्ञासु भरद्वाजका बारेमा भनिएको छ :
दीर्घं जीवितमन्विच्छन्भरद्वाज उपागमत् । इन्द्रमुग्रतपा बद्ध्वा शरण्यममरेश्वरम् ॥ (१, ३)

(अर्थात् आयुर्वेदका जिज्ञासु भरद्वाजको मनमा दीर्घ जीवनको इच्छा गर्ने खोजी जागेकाले कठोर तपस्या गर्ने अमर गुण भएका इन्द्रका शरणमा उनी गए ।)

यसमा दीर्घ जीवनको इच्छा गर्ने र अमर गुण भएकाजस्ता विशेषण विशेष अभिप्रायले प्रयोग भएका छन् । दीर्घ जीवनको चाहना नै आयुर्वेदका शोधार्थीको एउटा महत्त्वपूर्ण गुण हो जसले शोधार्थीलाई लक्षमा पुग्न सहयोग गर्दछ । आनन्दवर्द्धनले ध्वन्यालोकको अन्त्यमा कृतिको उपसंहार गर्दै तद्व्याकरोत्सहृदयोदयलाभहेतोः पृ. ३६४) भनेर सहृदय प्रमाताको उल्लेख गरको छन् ।

अतः विज्ञानको प्रमाता र साहित्यको प्रमाताका बौद्धिक अपेक्षा नै भिन्न हुनेभएकाले विषयवस्तु र प्रमाताको स्थितिले ज्ञानको निर्माण गर्दछ ।

पूर्वीय साहित्यका विभिन्न सिद्धान्तमध्ये रससिद्धान्तमा रसास्वादनको अवस्थामा भावक भोक्ता र भोग्यको द्वैत अवस्थाबाट मुक्त हुने मानिएको छ। काव्य र काव्यमा बुनिएका उपकरण वा वस्तु केवल आत्मामा निहित आनन्दलाई जागृत गर्ने माध्यममात्र हुन् त्यसैले काव्यको रसानुभूतिमा पाठक आफूलाई काव्यवस्तुसँग एकाकार गर्दै आत्मानुभव गर्नेहुँदा त्यो आनन्द अवस्थामा ऊ नितान्त अद्वैत अवस्थामा रहन्छ भन्ने मान्यता अभिव्यक्तिवादी अभिनव गुप्तले प्रस्तुत गरेका छन् ।

### ७.३ प्रमाणको अनिवार्यता

प्रमाणविनाको प्रमाको कल्पना हुन नसक्ने पूर्वीय मान्यता स्थापित भएको छ। त्यसैले प्रमाणलाई प्रमाको असाधारण कारण मानेको पाइन्छ । प्रमाणका बारेमा माथि नै उल्लेख भइसकेको छ ।

### ८.४ ज्ञानको प्रयोजनीयता

कुनै पनि नवीन ज्ञानको खोजी निश्चित प्रयोजनका लागि हुनुपर्ने मान्यता पाइन्छ त्यसैले प्रत्येक कृतिमा प्रयोजनको उल्लेख गरिएको हुन्छ । यसले ज्ञानको उपयोगको क्षेत्र र लक्षित समुदायलाई पनि सङ्केत गर्दछ ।

### १२. शोधको भाषा

पूर्वीय शोधको भाषा विभिन्न किसिको छ । वैदिक भाषा अप्रत्यक्षात्मक प्रकृतिको छ र यो एक कलात्मक भाषा हो । पुराणहरूको भाषा मिथकीय पाइन्छ भने ज्योतिषशास्त्रको भाषा गणितीय प्रकृतिको छ। आयुर्वेद, व्याकरण, काव्यशास्त्र दर्शन आदिको भाषा भने वस्तुगत किसिमको छ। यहाँ पूर्वीय शोधपरम्परामा देखिने भाषिक विशेषता र तिनले सिर्जना गरेका अन्योललाई विश्लेषण गरिएको छ ।

### ८.१ मिथकीय भाषां

मिथकीय भाषा अन्यार्थक, प्रतीकात्मक, गूढार्थक, रहस्यात्मक आदि गुणले युक्त हुन्छ साथै अत्यधिक मात्रांमा मानवीकरण वा चैतन्यीकरण गरिएको हुन्छ, त्यसैले मिथकीय भाषामा भएका शोधअनुसन्धान काल्पनिक लाग्दछन् । यसप्रकारका भाषिक प्रयोग प्राचीन ग्रन्थमा पाइन्छ । विशेष गरेर यस्तो भाषा पुराणहरूमा पाइन्छ । सौरपरिवारको कल्पनामा परिवारको साङ्गठनिक आरोपण गरिएको छ ।

अदितिको पुत्रका रूपमा सूर्य, अत्रिको पुत्रका रूपमा चन्द्रमा, चन्द्रमाको छोराका रूपमा बुध आदिको कल्पनाजस्तो लाग्छ तर यिनमा रहेको सौर्यपरिवारको खोजी र अनुसन्धान गौण भएका देखिन्छन् । प्रकृतिको खोजअनुसन्धानमा पनि मानवीकरण, चैतन्यीकरण, आरोप, सादृश्यजस्ता काव्यात्मक भाषाको प्रयोगले पूर्वीय परम्परामा निहित सत्यतथ्य गौण बनेको र केवल काल्पनिक मात्र हुन् कि भनेर उपेक्षादृष्टि रहेको देखिन्छ । *ऋग्वेद*मा एउटा मन्त्र छ जसमा ब्रह्माण्डको सारलाई तीन तत्त्वमा समाहार गरिएको छ ।

> द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते । तयोरेकः खादति पिप्पलान्नमन्यो निरन्नोपि बलेन भूयान् ॥ (*ऋग्वेद,* १,१६४, २०)

(अर्थात् एउटा वृक्षमा दुईओटा पङ्क्षी बस्छन् । तीमध्ये एउटा वृक्षको फल भोग गर्दछ र अर्कोचाहिँ गर्दैन तर जो खाँदैन त्यो नै बलशाली छ ।) यस मन्त्रमा जीव, ईश्वर र प्रकृतिको त्रैततत्त्वको वर्णन र जीवको भोक्तृत्व र ईश्वरको तटस्थ स्वरूपको वर्णन गरिएको छ । तर यसको भाषा प्रतीकात्मक र गूढ रहस्यले भरिएको छ । यसमा मूल तत्त्वको प्रतीकात्मक अभिव्यक्ति भएको छ । ब्रह्म, जीव र प्रकृति तीन तत्त्वको गुणको वर्णन यसमा गरिएको छ ।

अवतारवाद एक किसिमले विकासवादको नै रूप हो । मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध, कल्कि यी अवतारमा मानवजातिको क्रमिक विकास देख्न सकिन्छ । अझ जलचरदेखि मानवसम्मको आकार, गुण, चेतनासँगै मानव सभ्यताको पनि सर्वेक्षण गरेको पाइन्छ । यी शोधलाई काल्पनिक भनेर उपेक्षा गरिएकाले त्यो ज्ञान सत्यतथ्यमा आधारित भएर व्याख्या हुन सकेको छैन ।

### ८.२ वस्तुनिष्ठ परिनिष्ठित भाषा

संस्कृत भाषा स्वयंमा परिष्कृत एवं परिनिष्ठित भाषा हो । त्यसमा पनि शोधअनुसन्धानको भाषामा पारिभाषिक र विशिष्टार्थमा परिनिष्ठित भाषाको प्रयोगले गर्दा प्रत्येक शोधअनुसन्धान तत्तत् क्षेत्रका अध्येताका निम्तिमात्र बोध्य हुन्छ । वैदिक पौराणिक भाषामा अधिकतम आरोपमूलक, विरोधाभाषी, अन्यार्थक, उपमित जस्ता गुण पाइन्छन् भने पछिल्ला दार्शनिक, व्याकरणात्मक, काव्यशास्त्रीय, आयुर्वैदिक जस्ता शोधकृतिमा वस्तुनिष्ठ र पारिभाषिक पदपदावलीको प्रयोग अत्यधिक भएको पाइन्छ ।

### ८.३ गणीतीय भाषा

संस्कृत वाङ्मय र विशेष गरेर ज्योतिषशास्त्रमा गणितीय भाषाको प्रयोग गरेर कतिपय भूगोल र नक्षत्रसम्बन्धी सत्यतथ्यलाई प्रस्तुत गरिएको छ । यसमा मिथकीय विषयलाई पनि अङ्कमा उपयोग गरको पाइन्छ । आदित्य शब्दले बाह्र, सूर्यका घोडाले सात, नागले आठजस्ता अङ्कलाई बुझाउनेगरेको पाइन्छ । यस्तो प्रयोगले शास्त्रबिचको अन्योन्य सम्बन्धलाई वा एउटा शास्त्रको निष्कर्षलाई अर्को शास्त्रले सम्मान गर्दै स्विकारेको देखिन्छ ।

यसरी हेर्दा संस्कृत भाषामा पाइने हरेक विधाको भाषा अर्को विधाका अध्येताले बुझ्न निकै कठिन हुन्छ र त्यो शोधको वैशिष्ट्य हो । त्यसैले संस्कृत भाषाको सामान्य ज्ञानमात्रले यसप्रकारका शोधमूलक कृतिको अध्ययन सम्भव छैन । त्यसका निम्ति तत्तत् विषयका गुरुकहाँ नगई ज्ञान ग्रहण गर्न कठिन देखिन्छ । यसको मूलकारण विषयगत भाषिक भिन्नता नै हो ।

## ९. शोधको सङ्गठन

संस्कृतका वाङ्मयका शोधमूलक ग्रन्थलाई अनुशीलन गर्दा अनुसन्धानात्मक कृतिको ढाँचा करिब उस्तै छन् । मङ्गलाचरण, प्रयोजन, विषयलाई जिज्ञासा, प्रश्न, वा प्राक्कल्पनात्मक उत्तरद्वारा उपस्थापन, भिन्न विचारलाई पूर्वपक्षका रूपमा स्थापन गर्ने र त्यसलाई खण्डनमण्डन गर्ने, मण्डन गर्नका निम्ति पूर्ववर्ती अध्ययनलाई आप्तवाक्य वा शास्त्रीय वाक्यका रूपमा उद्धृत गर्ने र विमर्शद्वारा निष्कर्षमा पुग्ने किसिमको शोधसङ्गठन पाइन्छ । पूर्वीय शोधपरम्परामा विषयको प्रकृतिका आधारमा अध्याय विभाजन, गरिन्छ । शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको प्रयोजन, सामग्रीसङ्लन र व्यवस्थापन, शोधप्रबन्धको ढाँचाजस्ता कुरा शोधविषयको अङ्ग भएर आउनेगरेका छन् तिनलाई सन्दर्भवश उपयोग गरेको पाइन्छ । विषयको प्रधानतामा ती गौण भएका देखिन्छन् ।

### ९.१ मङ्गलाचरण

मङ्गलाचरण ग्रन्थको प्रारम्भको लक्षण हो र कृतिसापेक्ष र सांस्कृतिक सामाजिक सम्बन्धको सेतु पनि हो । यसमा आफ्ना पाठकलाई विषयको सङ्केतका साथै सकारात्मक उत्प्रेरणा दिने लक्ष्य रहेको हुन्छ । एउटा नयाँ क्षेत्रको ज्ञानले अज्ञानको निवृत्ति भएर पाठकलाई कल्याण र मङ्गलको कामना पनि यसमा गरेको देखिन्छ । अन्वेषणीय इष्ट ज्ञानको प्राप्ति र अज्ञान वा भ्रमको विनाश गर्ने मूलहेतुको प्रदर्शन

पनि यसमा गरेको पाइन्छ र त्यसतर्फको सूक्ष्म सङ्केत गरिएको हुन्छ। यो कुनै रूढ ढाँचा नभएर साभिप्राय पद्धति नै हो तर सङ्केतात्मक, लक्ष्यार्थक र ध्वन्यार्थकसमेत हुनेगरेकाले वैकल्पिक रूपमा उपयोग हुनेगरेको देखिन्छ । पुराणहरूमा प्रसिद्ध मङ्गलाचरणलाई उदाहरणका रूपमा लिन सकिन्छ।

सच्चिदानन्दरूपाय विश्वोत्पत्यादिहेतवे। तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः॥

(अर्थात् सत्, चित्, र आनन्दस्वरूप भएका, विश्वको सृष्टि, स्थिति र पालनका कारण भएका, आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखलाई नाश गर्ने श्रीकृष्णलाई हामी वक्ता र श्रोता नमस्कार गर्दछौँ।)

प्रस्तुत मङ्गलाचरणलाई शोधका दृष्टिले हेर्ने हो भने शोधदर्शन प्राप्त गर्न सकिन्छ। यहाँ पहिलो पदमा सत्, चित् र आनन्दले क्रमशः तत्त्व (सत्), ज्ञान (चित्) र आनन्द (मूल्य) लाई सङ्केत गरेका छन्। सत् भनेको सत्ताको स्वरूप हो र यो शाश्वत छ। सत् अर्थात् सत्ता र चित् अर्थात् चेतना वा ज्ञान अविभाज्य छन्। सत्ता निरपेक्ष ज्ञान र ज्ञान निरपेक्ष सत्ताको परिकल्पना नै हुँदैन । यी दुवै अन्योन्याश्रित सम्बन्धमा बाँधिएका छन् । यी दुवैको सम्बन्धज्ञानबाट मूल्यसन्धान हुनेभएकाले यी तीनैको अविभाज्य एकत्वमा यसले जोड दिएको छ । दोस्रो पदमा विषयवस्तुको निर्देश गरिएको छ । विश्वको उत्पत्ति, पालन र विनाशका कारण भनेर पुराणका विषय सृष्टि, स्थिति र प्रलयलाई देखाइएको छ । यी तीन विषयमा एकप्रकारले संसारका सबै विषय अटाउँछन्।

पुराणको मुख्य प्रयोजन बृहत्तम कल्याण वा विश्वकल्याण भएकाले त्यसलाई तापत्रयविनाशाय पदले बताइएको छ जसको अर्थ आध्यात्मिक, आधिभौतिक र आधिदैविक तापबाट मुक्तिको चाहना हो । मानवचेतनाको मुख्य उद्देश्य आफ्नै आन्तरिक बन्धन र बाह्य परिस्थितिगत बन्धनबाट मुक्त भएर आफ्नो अस्तित्व (स्वरूप) को बोध गर्नु हो । यसका निम्ति त्रितापबाट मुक्त हुनु आवश्यक छ । यसमा परमतत्त्वका रूपमा ब्रह्मतत्त्व श्रीकृष्णलाई स्विकारेको हुँदा आदर्शवादी अध्यात्मदर्शनको अभिव्यक्ति हुन पुगेको छ । काव्यक्षेत्रमा पनि यसप्रकारको मङ्गलाचरणको विशेष प्रयोजन रहेको देखिन्छ। मम्मट (१२ औं शताब्दी) ले आफ्नो कृतिको मङ्गलाचरणमा शोधका विषयगत विशेषता व्यक्त गरेका छन्।

नियतिकृतनियमरहितां ह्लादैकमयीमनन्यपरतन्त्राम् । नवरसरुचिरां निर्मितिमादधति भारती कवेर्जयति ॥ (*काव्यप्रकाश,* १, १)

काव्य नियतिको नियमले रहित हुन्छ, आनन्दस्वरूपको हुन्छ, कसैको अधीनमा हुँदैन । काव्य नौ रसको सौन्दर्यले भरिएको कविको निर्माण हो र यो उत्कृष्ट हुन्छ ।

सरस्वतीको वन्दना भए पनि यसमा काव्यको मर्म उद्‌घाटन गरिएको छ । कवि आफ्नो काव्यसंसार निर्माण गर्न स्वतन्त्र भएको, काव्यको मूल मर्म आनन्दात्मक भएको र त्यो आनन्द आफ्नै अन्तस्करणको अधीन भएको, संसार षड्‌रसले बनेको भए पनि त्यसभन्दा अधिक नौ रसले भरिएको काव्यको उत्कृष्टतालाई यहाँ व्यञ्जित गरिएको छ । मङ्गलाचरण ऐच्छिक मानिन्छ र यो साङ्‌केतिक र स्फुट दुवै प्रकृतिका देखिन्छन् । बृद्धिरादैच्, अथातो दीर्घञ्जीवितीयमध्यायं व्याख्यास्यामः, अथातो धर्मजिज्ञासा, अथातो ब्रह्मजिज्ञासाजस्ता ग्रन्थको प्रारम्भिक कथनमा वृद्धि र अथ शब्द मङ्गलवाचक हुन् भन्ने मानिन्छ । कतिपय कृतिमा मङ्गलाचरणपछि तत्त्व, ज्ञान र मूल्यमीमांसालाई देखाइएको हुन्छ । वेदान्तदर्शनको प्रारम्भिक ग्रन्थ *यतीन्द्रमतदीपिका*मा यी तीन तत्त्वलाई यसरी व्यक्त गरिएको छ : श्रीमन्नारायण एव चिदचिद्विशिष्टोद्वैतं तत्त्वम्, भक्तिप्रपत्तिभ्यां प्रसन्नः स एवोपायः, अप्राकृतदेशविशिष्टस्स एव प्राप्यः । (अर्थात् चित् र अचित्‌ले विशिष्ट श्रीमन्नारायण नै एकमात्र तत्त्व हो । भक्ति र प्रपत्तिले त्यस तत्त्वलाई प्राप्त गर्न सकिन्छ र त्यसको उपलब्धि भनेको त्यही परमतत्त्व नारायणलाई पाउनु हो ।) यस कथनमा नारायणलाई तत्त्वस्वरूप, भक्ति र प्रपत्तिलाई तत्त्वप्राप्तिको उपायज्ञान र तत्त्वको साक्षात्कार मूल्यस्वरूप मानेको देखिन्छ । यसरी मङ्गलाचरण वा त्यसको लगत्तै कृतिनिर्माणको दर्शन पक्ष उल्लेख गर्ने परिपाटी भएको देखिन्छ ।

## ९.२ प्रयोजन

पूर्वीय शोधकार्यका प्रायः सबै कृतिमा प्रयोजनको उल्लेख पाइन्छ । संस्कृत परम्परामा एउटा भनाइ प्रयोजनमुद्दिश्य मन्दोपि न प्रवर्तते (अर्थात् विनाप्रयोजन मूर्ख पनि कुनै काममा प्रवृत्त हुँदैन भन्ने) पाइन्छ । न्यायदर्शनले न्यायको ज्ञानले कल्याण र मोक्षको छ प्रयोजन पूरा गर्ने बताएको छ (*न्यायसूत्र,* १, १, १) । यसरी नै वैशेषिक दर्शनको प्रयोजन पदार्थको समानता र भिन्नताको ज्ञानले कल्याण हुने मानिएको छ (*वैशेषिकसूत्र,* १, १, ४) । ज्ञानका प्रयोजनका बारेमा भिन्नभिन्न शास्त्रका विभिन्न मत रहेका छन् । यश वा कीर्तिको प्राप्ति, व्यवहारको ज्ञान, लोककल्याण, अमङ्गलको

विनाश, दुःखको आत्यन्तिक निवृत्ति, जीवनबोध, अस्तित्वको पहिचानजस्ता अनेकौँ प्रयोजनलाई अनुसन्धानको प्रारम्भमा नै उल्लेख गरेको पाइन्छ ।

## ९.३ हेतु

शोधको एउटा महत्त्वपूर्ण पक्ष हेतु हो र अन्वेषणीय विषयको उत्पत्तिको कारण खोज्ने काम नै हेतु हो । तत्त्वमीमांसका महन्त्वपूर्ण विषयमा एउटा सत्ताको मीमांसा र अर्कोचाहिँ सृष्टिविज्ञान हो । ब्रह्माण्डको उत्पत्ति कसरी भयो, कसले गऱ्यो, किन गऱ्यो जस्ता प्रश्नको खोजी गर्ने विधि पनि पूर्वीय शोधको अङ्ग हो । *ऋग्वेद*को नासदीय सूक्तको सातौँ मन्त्रमा इयं सृष्टिर्यत आबभूव भनेर यो सृष्टि कसले रचना गऱ्यो, यसको केन्द्र कहाँ छ  भन्नेजस्ता प्रश्न गरिएको छ । यसरी नै *चरकसंहिता*मा रोगको खोजी र निदान गर्ने क्रममा हेतुको विषय पनि उठाइएको छ । शरीरमा व्याधिका मुख्य हेतु तीन किसिमका उल्लेख पाइन्छन् :

कालबुद्धीन्द्रियार्थानां योगो मिथ्या न चाति च । द्वयाश्रयाणां व्याधीनां त्रिविधो हेतु सङ्गहः ॥

(शारीरिक वा मानसिक दुवै प्रकारका रोगको कारण भनेको काल, बुद्धि र इन्द्रयका विषयहरूको ठिक ढङ्गले योग न हुनु, मिथ्या योग हुनु र अति योग हुनुजस्ता तीन कारण रहेका छन् ।)

संस्कृत साहित्यमा काव्यको हेतुको उल्लेख गर्दै मम्मटले बताएका छन् :

काव्यं यशसेऽर्थकृत् व्यवहारविदे शिवेतरक्षतये । सद्यः परनिवृत्तये कान्तासम्मिततयोपयुजे ॥ (*काव्यप्रकाश*, १,२)

(काव्यको रचना यश, अर्थोपार्जन, व्यवहारज्ञान, अमङ्गलनाश, दुःखनिवृत्ति र कान्तासम्मित उपदेशका निम्ति गरिन्छ ।) यसरी जुन विषयको अनुसन्धान गरिन्छ त्यसको प्रयोजन पनि उल्लेख गर्ने प्रचलन पूर्वीय परम्पराको ढाँचा नै देखिन्छ ।

## ९.४ विमर्श

अनुसन्धानको महत्त्वपूर्ण पक्ष भनेको विमर्श नै हो, त्यसैले मङ्गलाचरण र प्रयोजन हेतुको उल्लेखपछि विमर्श प्रारम्भ हुन्छ, जुन शोधको मुख्य पक्ष हो । यद्यपि ग्रन्थको मङ्गलाचरणदेखि नै विमर्शको सूत्रपात भएको देखिन्छ तर त्यसलाई पृथक् गर्दा र प्रयोजन, हेतुलाई पनि अलग गर्दा वर्ण्य विषय विमर्शका रूपमा रहन्छ  । विषयको विवृत्ति, व्याख्या, विस्तार र कृतिको मुख्य भागका रूपमा रहने यस खण्डमा नै विषयवस्तुको उपस्थापन, जिज्ञासा, प्रश्न, पूर्वपक्षको स्थापना,

पूर्वकार्यको सान्दर्भिकता, खण्डन, मण्डन, दृष्टान्त आदि विमर्शका उपयुक्त अङ्गहरूको आवश्यकताअनुसार उपयोग गरिएको हुन्छ । शोधकृतिको मुख्य अङ्ग नै यही हो । यसमा प्रमाण, प्रमेय, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति, निग्रहस्थान जस्ता अङ्गले युक्त विमर्श गरिन्छ ।

## ९.५ उपसंहार तथा पुष्पिकाकथन

संस्कृतका प्रायः सबै कृतिमा उपसंहार एवं पुष्पिकाकथन हुनेगर्दछ । उपसंहार वैकल्पिक रूपमा उपयोंग भएको देखन्छ यसमा कृतिको सार, पाठकको योग्यता, विषयवस्तुको महत्त्व आदि पुनः कथन गर्दै कृति समाप्त भएको उल्लेख गरिन्छ । पुष्पिकाकथनचाहिँ अध्यायगत हुनेगर्दछ र यसमा कृतिको नाम, खण्ड, मुख्य विषयको उल्लेख गरिन्छ, यो समग्र कृतिको अन्त्यमा पनि रहन्छ । चरकसंहिताको अन्त्यमा कृतिको उपसंहार यसरी गरिएको छ :

इत्यध्यायशतं विंशमात्रेयमुनिवाङ्मयम् । हितार्थं प्राणिनां प्रोक्तमग्निवेशेन धीमता ॥

पुष्पिका वाक्यचाहिँ यसरी लेखेको पाइन्छ : इत्यग्निवेशकृते तन्त्रे चरकप्रतिसंस्कृते अप्राप्ते दृढबलसम्पूरिते सिद्धिस्थाने उत्तरवस्तिसिद्धिर्नाम द्वादशोध्यायः। (यसमा यो कृति अग्निवेशद्वारा रचना गरिएको, चरकद्वारा परिष्कार गरिएको तर त्यो अप्राप्त भएको दृढबलद्वारा परिपूरण गरिएको सिद्धिस्थान नामक प्रकरणमा पनि उत्तरवस्तिसिद्धि नामको यो अध्याय समाप्त हुछ ।) यसरी उपसंहार र पुष्पिका वाक्यले आफ्नो अनुसन्धानको सङ्घटन पूरा गरेको पाइन्छ ।

## ९.६ अनुसन्धानको प्रस्तुतिगत पद्धति

अनुसन्धानले भाषिकरूपमा मूर्तरूप प्राप्त गर्दाको प्रस्तुतिगत ढाँचा मुख्यरूपमा कारिकापद्धति, टीकापद्धति, वार्तिकपद्धति, भाष्यपद्धतिजस्ता विभिन्न पद्धतिको उपयोग गरेको पाइन्छ ।

(क) **कारिकापद्धति** – प्राचीन कृतिहरू प्रायः छन्दोबद्ध भाषामा लेखिएका छन् । साङ्ख्यकारिका, नाट्यशास्त्र, ध्वन्यालोक आदि कृति कारिकापद्धतिमा प्रस्तुत गरिएका छन् । अनुन्धानलाई गेयरूपमा प्रस्तुत गर्दा पाठकलाई स्मरण गर्न सजिलो हुने मान्यता र तत्कालीन पठनपाठनको पद्धतिले पनि यस ढाँचालाई लेख्न सहयोग गरको देखिन्छ ।

(ख) **टीकापद्धति** – कुनै ग्रन्थमा भएको गूढ अर्थलाई उद्घाटन गरेर सरलतापूर्वक पाठकसमक्ष पुऱ्याउने पाठविश्लेषणको पद्धति हो । यो गद्यमा लेखिने र अर्थ स्पष्ट गर्ने पद्धति भएकाले लेखकका मूल कृतिलाई नबुझ्ने पाठकका लागि यस पद्धतिले निकै सरल बनाएको देखिन्छ । प्राचीन समयम सूत्रमा लेखिएका विषयलाई टीकापद्धतिद्वारा अर्थ स्पष्ट गर्न यो पद्धति उपयोग गरेको देखिन्छ । यसमा सूत्रलाई पदच्छेद गर्ने, व्युत्पत्ति गर्ने, वाक्यको अन्वय, अध्याहार, अनुवृत्ति, भावार्थ आदि स्पष्ट गरेको पाइन्छ : (जस्तो : अजडं तु द्विविधं पराक् प्रत्यक्चेति श्रीनिवासाचार्य सन् १९७, पृ. ३ । यस वाक्यमा जडभिन्न अजड पदार्थ पराक् र प्रत्यक् गरी दुई किसिमको हुन्छ भनिएको छ । यसमा अजड, पराक् र प्रत्यक् के हुन् भन्ने स्पष्ट छैन तर यसका टीकाकार अण्णङ्गराचार्यले यसलाई टीकाद्वारा स्पष्ट गरिदिएका छन्, जस्तो : अजडम् - स्वयं प्रकाशं द्रव्यम्, (अर्थात् आफूलाई स्वयं प्रकाशित गर्ने तत्त्व नै अजड हो) पराक् - परस्मै स्वयं भासमानं परागत्रविवक्षितम्,(अर्थात् अरूलाई पनि प्रकाशित गर्ने तत्त्व पराक् हो) प्रत्यक् - स्वस्मै स्वयं भासमानम् (अर्थात् आफूलाई आफैँले प्रकाशित गर्ने तत्त्व नै प्रत्यक हो) । यसप्रकारको टीका पद्धतिले संस्कृत अनुसन्धानका क्षेत्रमा निकै महत्त्व राखेको देखिन्छ ।

(ग) **वार्तिकपद्धति** – यो पनि ग्रन्थको अर्थ स्पष्ट गर्ने व्याख्यात्मक पद्धति हो । कुनै कृतिको अर्थ स्पष्ट गर्न कृतिभित्र अवगाहन गरेर त्यहाँ लेखिएका, नलेखिएका, दोहोरिएकाजस्ता लाग्ने विषयलाई स्पष्ट गर्ने काम यस पद्धतिमा गरिन्छ ।

(घ) **भाष्यपद्धति** – भाष्यपद्धति एकप्रकारको सूक्ष्मदृष्टि र विस्तारपूर्वक अभिव्यक्ति हो । भाष्यमा प्रमाताको दृष्टि महत्त्वपूर्ण मानिन्छ । गूढ तथा लुप्त ज्ञानलाई दृष्टिकोणका साथमा व्याख्या गर्ने पद्धति नै भाष्यपद्धति हो । पातञ्जल भाष्य, शाङ्कर भाष्य, रामानुज भाष्य, निम्बार्क भाष्यजस्ता भाष्यग्रन्थ संस्कृत वाङ्मयम ज्ञानका पर्यायका रूपमा नै स्थापित छन् । अतः भाष्य भनेको एउटा ज्ञान स्थापन गर्ने पद्धति हो यसमा द्रष्टाका प्रचूर दृष्टिकोण अभिव्यक्ति भएका हुन्छन् ।

## १०. शोधअनुसन्धानमा बौद्धिक चोरी (काव्यहरण)

पूर्वीय परम्परामा बौद्धिक चोरीको विषय पनि आठौं शताब्दीदेखि नै विमर्शको विषय बनेको छ । काव्यशास्त्रको परम्परामा यसलाई विस्तारसाथ चर्चा गर्ने व्यक्ति नवौं शताब्दीका राजशेखर मानिन्छन् । उनले काव्यमीमांसामा शब्द, अर्थ, भाव,

विचार आदिको चोरीलाई नियमन गर्नुपर्ने बताएका छन् । उनले बौद्धिक चोरीलाई शब्दहरण र अर्थहरण दुई वर्गमा विभाजन गरेको र शब्दहरणलाई पदहरण, पादहरण, अर्द्धहरण, वृत्तहरण र प्रबन्धहरण गरी पाँचवर्गमा विभाजन गरेका छन् (राजशेखर, सन् २०१३, पृ. १२१) । एउटा शब्ददेखि प्रबन्धहरणसम्मका विभिन्न अनुकरण वा चोरीका कुरा उठाएर राजशेखरले बौद्धिक चोरीलाई नियमन गर्नुपर्ने धारणा विकास गरेका छन् ।

अर्थहरण अर्थात् अरूको भाव, विचार वा स्थापित अर्थलाई चोर्नु भन्ने हुन्छ र ज्ञाननिर्माणका क्षेत्रमा यस्तो हुनु नहुने विचार पनि राजशेखरले प्रस्तुत गरेका छन् । उनले अर्थहरणका चारप्रकार उल्लेख गरका छन् ।

(क) प्रतिबिम्वकल्प : अरूको भावलाई भिन्न वाक्यमा प्रस्तुत गर्नु ।
(ख) आलेख्यप्रख्य : अरूको विचारलाई परिष्कार गरेर भिन्न रूपमा प्रस्तुत गर्नु, यसलाई आठप्रकारको मानिएको छ ।
(ग) तुल्यदेहीतुल्य : विषय भिन्न भए पनि अर्को रचनासँग मिल्दो हुनु, यो पनि आठकिसिमको हुन्छ ।
(घ) परपुरप्रवेशप्रतिम : एउटै मूल स्रोतलाई भिन्न तरिकाले भनिएको, यो पनि आठप्रकारको हुन्छ ।

यी काव्यहरण अनुग्राह्य अर्था स्वीकार्य र त्याज्य गरी दुई प्रकारकै हुन्छन् । अन्य वस्तुको चोरी र वाणी वा विचारको चोरीको तुलना गर्दै राजशेखर परम्परागत श्लोकको उद्धरण गरेका छन् :

पुंसः कालातिपातेन चौर्यमन्यद्विशीर्यते । अपि पुत्रेषु पौत्रेषु वाक्चौर्य न च शीर्यति ॥
(*राजशेखर,* सन् २०१३, पृ. १२४)

अर्थात् अरु किसिमको चोरी त समय बित्तैजाँदा बिर्सिंदै पनि जान्छ तर वाणी वा विचारको चोरी त सन्तान दरसन्तानसम्म नै रहन्छ । यस्तो भनाइ राजशेखरको समयमा परम्परागत चल्दैआएको रहेछ । यसले के देखाउँछ भने पूर्वीय लेखन तथा अनुसन्धानमा बौद्धिक चोरीको विषय पनि विमर्शमा नै परेको रहेछ ।

यसरी पूर्वीय परम्परामा लेखन तथा अनुसन्धानमा एउटा शब्द पनि चोरी गर्न नहुने कुरा बताइएको छ, वाक्य, प्रकरण, भाव, विचार आदिको चोरी गर्नुलाई

अक्षम्य अपराधका रूपमा नै लिइएको छ। यसले कुलपरम्परामा नै आघात पुऱ्याउने त्राससमेत दिएको देखिन्छ। राजशेखरले काव्यशास्त्रका सन्दर्भमा यो विषय उठाएको हुनाले उदाहरण पनि काव्यबाट नै दिइएका छन् तर तत्कालीन समयमा देखिएका बौद्धिक चोरीलाई नियन्त्रण गर्ने शास्त्रीय आधार पनि यसले प्रस्तुत गरेको छ।

## ११. निष्कर्ष

पूर्वीय शोधपरम्पराको करिब छहजार वर्ष लामो इतिहासमा यसको शोधदर्शन प्रमाण, प्रमेय, प्रमाता र प्रमिति वा प्रमाको सहसम्बन्धका आधारमा प्रतिपादन भएको देखिन्छ। कुनै ज्ञानको निष्कर्षका निम्ति तत्त्वद्रष्टा मनीषीको आवश्यकतालाई पूर्वीय आचार्यहरूले जोड दिएका छन् र ती तत्त्वदर्शीहरूलाई ऋषि, मुनि, आचार्य, आप्तपुरुष, गुरुजस्ता शब्दले सम्बोधन गरेका छन्। पूर्वीय शोधपरम्परामा ज्ञानलाई उज्ज्वल, स्वप्रकाश, आनन्दस्वरूप, चिद्रूप आदि गुणले युक्त मानेर एउटा परमाणुदेखि परब्रह्मसम्म पनि ज्ञानको विषय भएको मानिन्छ। इन्द्रियप्रत्यक्ष ज्ञान सामान्य हो भने बौद्धिक वा तार्किक ज्ञान उच्चकोटिको हो भन्ने स्विकारेर शोधअनुसन्धानको ज्ञानलाई उच्च कोटिको प्रमा ज्ञान मानिएको छ। उच्चकोटिको ज्ञानलाई पनि बौद्धिक र आत्मिक ज्ञानका रूपमा विभक्त गर्दै कार्यकारणात्मक बौद्धिक ज्ञानभन्दा आत्मानुभूतिमा स्फुरण ज्ञान सर्वोच्च प्रकृतिको आत्मज्ञान वा ब्रह्मज्ञानको तह भएको स्विकारिएको छ र मानव जीवनको लक्ष नै यही उच्च ज्ञानको तह प्राप्त गर्नु भएको मानिएको छ। पूर्वीय परम्परामा तत्त्वका बारेमा पनि विमर्श भएको छ र ब्रह्मवादी अद्वैतवाद, विशिष्टाद्वैतवाद, द्वैतवाद, शुद्धाद्वैतवाद, अद्वैतवादजस्ता तत्त्वमीमांसावादी तत्त्वचिन्तन देखिएका छन्। ब्रह्मवादी द्वैतवादले ब्रह्मलाई परम सत्य माने पनि जीव र जड तत्त्वलाई पनि पृथक् मानेर द्वैत सत्य स्विकारेर द्वैतवाद स्थापन पनि गरेको छ। यसरी नै जैनको स्याद्वाद सापेक्ष्य सत्यमा आधारित रहेको र कुनै सत्य आंशिकमात्र हुने र प्रमाताले वस्तुको पूर्ण सत्यलाई आत्मसात गर्न नसक्ने आंशिक सत्यवादलाई स्विकारेको छ। भूतचैतन्यवादी चार्वाक् दर्शनले चार महाभूतलाई प्रत्यक्ष सत्य मानेको छ र चेतना पनि भौतिक सत्यलाईमा मात्र अन्तिम सत्य मानेको छ। बौद्धदर्शन प्रतीत्यसमुत्पादवादी तत्त्वमीमांसामा विश्वास गर्दै सबै क्षणिक भएको आत्म तथा अनात्म दुवै तत्त्वलाई स्विकार गर्दछ।

तत्त्वनिरूपणका दृष्टिले पूर्वीय परम्परा अद्वयवाद, द्वयवाद, शून्यवाद, सापेक्षवादजस्ता विविध वादमा विभक्त भएको छ र यसले शोधदर्शनमा

प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यति हुँदाहुँदै पनि शोधको साङ्गठनिक ढाँचाका आधारभूत पक्ष भने समान प्रकृतिका देखिन्छन् । प्रारम्भमा मङ्गलाचरण वा प्रस्तावनाका माध्यमबाट अनुसन्धानको समग्रलाई समाहार गर्नु, शोधको प्रयोजन कथन गर्नु, ज्ञाननिर्माणको हेतु अर्थात् कारण उल्लेख गर्नु, ज्ञानको निष्पत्तिको विमर्श गर्नु र विमर्शका क्रममा जिज्ञासा, प्रश्न, पूर्वाध्ययनको समीक्षाको स्थापन र त्यसको खण्डनमण्डन गर्नुजस्ता शोधविधिको उपयोग गरेको पाइन्छ । शोधकार्यमा विषय, अधिकारी, सम्बन्ध र प्रयोजनको सहसम्बन्धको नैतिक बन्धनका साथै काव्यहरण वा बौद्धिक क्षेत्रमा हुने ज्ञानको चोरीप्रति पनि सचेतता देखाइएको छ । पूर्वाचार्यहरूका कृतिहरूमा अवगाहन गरेर त्यसमा टीका, वार्तिक, भाष्यजस्ता पद्धतिको उपयोग पनि गरेको पाइन्छ । यसमा शोधकर्ता अर्थात् प्रमाताका दृष्टि वा मौलिक चिन्तनका लागि पनि पर्याप्त स्थान दिएको देखिन्छ । प्रमाताका दृष्टिका आधारमा पनि ज्ञानका क्षेत्र विविधरूपमा विकास भएको छ ।

## सन्दर्भसामग्री सूची

अन्नभट्ट (२०७८), *तर्कसङ्ग्रह:*, विश्वनाथ धिताल (व्याख्या.), देवघाट : महेश संस्कृत गुरुकुलम् ।

आनन्दवर्द्धन (सन् २००९), *ध्वन्यालोक*, पुनर्मुद्रण, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

केनोपनिषद् (२०६०), *ईशादि नौ उपनिषद्*, द्वितीय आवृत्ति, गोरखपुर : गीताप्रेस ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग*, काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

चरक, (सन् २०१५), *चरकसंहिता*, पुनर्मुद्रित, वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्यसिद्धान्त शोध तथा सृजनविधि*, काठमाडौँ : पाठ्यसामग्री पसल ।

नवलता (सन् २०१८), *संस्कृतसाहित्ये जलविज्ञानम्*, (द्वितीय संस्क.), दिल्ली नागप्रकाशन ।

निरौला, यज्ञेश्वर, सुवेदी, सागरमणि, श्रेष्ठ, अमृतकुमार, लुइटेल, हरिशरण, मिश्र, भवानीप्रसाद (२०८१), *अनुसन्धानको रूप र शैली*, धरान : पण्डित श्रीलोकनाथ लुइटेल स्मृति प्रतिष्ठान ।

पतञ्जलि, (२०७२), *व्याकरणमहाभाष्य*, सप्तम संस्क., वाराणसी : चौखम्बा प्रकाशन ।

पोरवाल, अनिलकुमार (सन् २०१८), *भुवनकोशतत्त्वमीमांसा*, दिल्ली : नाग प्रकाशन ।

*बृहदारण्यकोपनिषद्,* (चौधौँ संस्क.) (२०६७), गोरखपुर : गीताप्रेस
मध्वाचार्य (२०७०), *सर्वदर्शनसङ्ग्रह,* बम्बई : खेमराज श्रीकृष्णदास प्रकाशन ।
मम्मट (सन् २०००), *काव्यप्रकाश,* द्वितीय संस्करण, प्रयाग : हिन्दी साहित्य सम्मेलन ।
वैद्य, मोहन (२०७६), *हिमाली दर्शन,* काठमाडौँ : शमी साहित्य प्रतिष्ठान ।
व्यास, (सन् २०११), *श्रीमद्भगवद्गीता,* (छत्तीसौँ पुनर्मुद्रण), गोरखपुर : गीताप्रेस
व्यास, (सन् २०१५), *ब्रह्मसूत्रशाङ्करभाष्यम्* (भामती-कल्पतरु-परिमलसहितम्), के. एल. जोशी (सम्पा.) दिल्ली : परिमल पब्लिकेसन्स ।
शर्मा, चन्द्रधर, (सन् २०१३), *भारतीय दर्शन,* (पुनर्मुद्रण), दिल्ली : मोतीलाल बनारसीदास ।
*शुक्लयजुर्वेदसंहिता,* (सन् २०१५), रामकृष्ण शास्त्री (व्याख्या.), वाराणसी : चौखम्बा विद्याभवन ।
श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौँ : शिखा बुक्स ।
हरिभद्रसूरि, (सन् २०१२), *षड्दर्शनसमुच्चयः,* (द्वितीय संस्क.), वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

*(लेखक त्रि.वि., नेपाली केन्द्रीय विभागका प्राध्यापक हुनुहुन्छ)*